Jana Aakash National Weekly
www.janaakash.com

जन आकाश

*Jana Aakash National Weekly*

राष्ट्रिय साप्ताहिक

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)

मोबाइलः ९८५१०८७१५६

**Email : janaakash .com .np@gmail .com**

वर्ष- १८, अंक- १२, २०८२ साल असोज २८ गते मंगलबार (October 14, 2025) www.janaakash.com.np

# कृक्रेटमा वल्डकप नजिक नेपाल

**मोहन कार्की**



नेपाली राष्ट्रिय कृकिट टोली अन्तराष्ट्रिय खेल खेल्न ओमानमा छ । नेपालले टि २० वल्डकप क्वालीफायरको लागि प्रतिस्पर्धा गरिरहेको छ। प्रतिस्पर्धामा कुनैपनि खेल नहारीकन खेलिरहेको छ। सुपर सिक्स भित्र पर्न नेपालले कुवेत र जापानसँग खेलेको खेलमा दुवै खेल जितेर सुपर सिक्समा स्थान बनाउन सफल भएको थियो ।

सुपर सिक्समा पनि चिरपरिचित प्रतिस्पर्धी राष्ट्र युएईसलाई १ रनले पराजित गरेर रोमाञ्चक जित निकालेको थियो । त्यसैगरी कतारलाई अविस्मरणीय रुपमा ४ रनको झिनो अन्तरले अन्तिमा कमव्याक गरेर पराजित गरी विश्वकप छनौट हुने सम्भावना नेपालले कायमै राखेको छ। समूह बिमा रहेको नेपालले अव दुई खेल खेल्न बाकी छ । आयोजक टिम ओमान र सोभाना देशसँग यी दुई खेल लगातार विजय हाशिल गरेमा नेपालले क्वालीफायरको ट्रफी समेत उचाल्ने छ । समूह बिमा रहेको नेपाल र ओमानको समान छ/छ अंक रहेको छ। तर रनरेटको आधारमा नेपाल भन्दा ओमान अगाडी रहेको छ। नेपाल र ओमानलाई अव खेलिने दुई खेल मध्य दुवै राष्ट्रले एक/एक खेल जितेपनि क्यालिफायर हुनेछन् । यदी दुवै खेल हारेको खण्डमा भने अरुको नतिजा कुर्नुपर्ने देखिन्छ। सम्भवत ओमान र नेपालबीच प्रतिस्पर्धा अक्टोबर १५ तारिकमा हुदैछ। यस खेललाई ओमान र नेपालले विश्वकप यात्राको फाईनल खेल जतिक्क मानेका छन् ।

नेपाल र ओमानमध्य जुन टिमले जित्छ उसको खातामा ८ अङक हातमा हुनेछ। उसले ढुक्क भएर बस्नेछ । त्यसैले नेपालको खेल प्रदर्शन टिमवर्कमा अत्यन्तै राम्रो लयमा देखिएको छ । व्याटसम्यानहरु एउटा नचले अर्को चल्ने र रन मध्यमस्तरको बनाउदै आएका छन् । त्यसलाई बलरहरुले साथ दिदै हार्न लागिसकेको खेलपनि अन्तिममा जिताएकाछन् । त्यसकारण नेपालले २०२६ मा श्रीलंका र भारतमा हुन गईराखेको टि २० वल्डकप प्रतिस्पर्धामा आफ्नो स्थाना सुरक्षित गर्न लागेको छ। यो नेपाल देशको लागि निक्कै खुशीको विषय हो ।

नेपालको राष्ट्रिय कृक्रेट टिमले विश्वकप खेल्न पाउदा नेपालको परिचय र नेपालको गर्व बढाउन सक्छन् ।

त्यही भएर पनि नेपालले खेलकुदमा विशेष गरेर कृक्रेटमा गरिरहेको प्रगतिलाई देखेर नेपाल सरकारले गोकर्णमा अन्तराष्ट्रिय कृत्रेट रंगशाला बनाएर सुधारको काम गरिरहेको छ। कृर्तिपुर रंगशाला सुधार गरेर अन्तराष्ट्रियस्तरको सेवा सुविधा सम्पन्न गरिसक्न लागेको छ। चितवनमा गौतमबुद्ध अन्तराष्ट्रि स्टेडियम बनिरहेको छ । सुर्खेतमा त्यसैगरी कृक्रेट स्टेडियम बनिरहेको छ। त्यसैगरी विराटनगरमा, जनकपुरमा कृक्रेट मैदानहरु सुधारका कामहरु पनि भईरहेका छन् । नेपाली राष्ट्रिय टिमले

» बाकी ६ पृष्ठमा

हमासले पुष्टि गऱ्यो

# विपिन जोशीको मृत्यु



काठमाडौं- हमासले विपिन जोसी सहित चार मृत बन्धकहरुको नाम सार्वजनिक गरेको छ ।

उनिहरुको नाम सार्वजनिक गर्दै शव इजरायललाई बुझाउने तयारी गरेको हो । नेपाली विद्यार्थि विपिन जोसी लाइ वेपत्ता भएको करिव दुई वर्ष पछि हमासले जिवित नरहेको घोषणा गरेको हो । मृत हमासले इ इलौज, योस्सी शराबी, बिपिन जोशी, डानियल पेरेत्सको शव बुझाउन लागेको हो ।

हमासले सोमबार जिवित २० जनाहरुलाई मुक्त गरेको थियो । हमासले पछिल्लोपल्ट सन् ७ अक्टोबर २०२३ मा किबुज क्षेत्रमा आक्रमण गरेको थियो । उक्त आक्रमण सुरु गरेको दोस्रो दिन (७ अक्टोबर)भएको आक्रमणमा अध्ययनका लागि गएका १६ जना नेपाली विद्यार्थी पनि परेका थिए ।

इजरायल सरकारको 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत गएका उनीहरू सबै गाजा क्षेत्र नजिकै पर्ने दक्षिणी इजरायलको किबुज अलुमिम भन्ने स्थानमा बस्दै आएका थिए। आक्रमणको एक दिनपछि इजरायलस्थित नेपाली दूतावासले आक्रमणमा परी १० जना नेपाली विद्यार्थीको मृत्यु भएको पुष्टि गरेको थियो । मारिएका नेपालीसँगै रहेका नेपाली विद्यार्थी विपिन जोशीलाई हमासले बन्धक बनाएर लगेको थियो । हमासले बन्धक

» बाकी ६ पृष्ठमा

# ज्यान मार्ने धम्की थियो : मिराज ढुंगाना



**काठमाडौं-** जेनजी अगुवा मिराज ढुंगाले आफू जेनजी आन्दोलनको क्रममा नभागेको बताएका छन् ।

आइतबार साँझ उनले आयोजना गरेको पत्रकार सम्मेलनमा उनलाई सञ्चारकर्मीले 'भगौडा' को आरोप लागेको बताउँदै 'नैतिकताले तपाईंलाई नेतृत्वमा आउन दिन्छ ?' भन्दै प्रश्न गरेका थिए ।

जवाफका क्रममा उनले आफू एउटामात्रै समूहमा नभएको र त्यो दिन आफूमाथि ज्यान मार्ने धम्की समेत आएको जिकिर गरे ।

'म भगौडा होइन । आन्दोलनमै बसेको हो । मेरो ज्यानमाथि धेरै धम्की आयो । मेरो एउटा मात्रै समूह थिएन,' उनले भने ।


साथै, आफू प्रत्यक्ष निर्वाचित कार्यकारीको मुद्दा बाचुञ्जेल नछाड्ने जिकिर गरे ।

'प्रत्यक्ष निर्वाचित कार्यकारीको मुद्दा म बाचुञ्जेल छाड्नेवाला छैन। विदेशमा भएका मतदाताले भोट हाल्न पाउने यो आवश्यक छ,' ढुंगानाले भने, 'यो राज्यले बुझ्नुपर्ने कुरा हो । हामीभन्दा बढी उहाँको भोटको महत्त्व छ ।'

उनले सडकको तातो मन्त्रिपरिषद्सम्म पुग्नुपर्ने बताए ।

'सडकको तातो मन्त्रिमण्डलमा जानैपर्छ । यसमा दुईमत छैन। अस्ति ४ जना सिफारिस हुनुभयो। सडकको आगो मन्त्रिमण्डलमा हुनैपर्छ,' उनले भनेका छन् ।

# असोज २३ गतेको जेनजी आन्दोलन स्थगित




प्रेस विज्ञप्ति

प्रिय NTEK-Z Team का साथीहरुले २०८२/०६/२२ गते केन्द्रिय कमिटीको मिटिङ बसेर गरेको छलफलमा भोलि मिति २३ गते घोषणा गरेको शान्तिपूर्ण आन्दोलनमा विभिन्न किसिमका अराजक तत्वहरुले आन्दोलनलाई विथल्ने र अप्रिय घटना निम्त्याउने देखिएको हुनाले यस आन्दोलनलाई हामी NTEK-Z का केन्द्रीय पदाधिकारीहरुले छलफल गरी २३ गते हुने आन्दोलनलाई हाल उक्त परिस्थितिका कारण स्तगित गर्ने निर्णय गरिएको छ र सो छलफल गरी आउने समयमा हुने शान्तिपूर्ण आन्दोलनको मिति जानकारी गराउने निर्णय गर्दछौं । यस कार्यकम सारेकोमा हामी क्षमाप्रार्थि छौं ।

| | | | |
|---|---|---|---|
| प्रज्वल लामा | प्रदिप भट्टराई | सुरेन्द्र घर्ति | सुनिल सिंह |
| अध्यक्ष | प्रवक्ता | संयोजक | सदस्य |

**काठमाडौं-** जेनजीको एक समूहले असोज २३ गते गर्ने भनेको आन्दोलन स्थगित गरेको छ। एनटीईके-जेड समूहको नामबाट बुधबार साँझ विज्ञप्ति जारी गरी बिहिबार हुने शान्तिपूर्ण प्रदर्शन रोकिएको जनाइएको छ ।

'२३ गते घोषणा गरेको शान्तिपूर्ण आन्दोलनमा विभिन्न किसिमका अराजक तत्वहरूले आन्दोलनलाई विथल्ने र अप्रिय घटना निम्त्याउने देखिएको हुनाले यस आन्दोलनलाई हामी एनटीईके-जेड का केन्द्रीय पदाधिकारीहरूले छलफल गरी २३ गते हुने आन्दोलनलाई हाल उक्त परिस्थितिका कारण स्थगित गर्ने निर्णय गरिएको छ र सो छलफल गरी आउने समयमा हुने शान्तिपूर्ण आन्दोलनको मिति जानकारी गराउने निर्णय गर्दछौं' विज्ञप्तिमा भनिएको



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- १२,
२०८२ साल असोज २८ गते मंगलबार
14 OCTOBER 2025, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# अधिकार माग्दा माग्दै आफै माग्ने बनेको देश नेपाल

नेपाल देश कुनैवेला अरू देशलाई खाद्यन्न निर्यात गर्दथ्यो । धेरै गर्न नसके पनि कोरिया, चीनको तिब्बतलाई खाद्यन्न निर्यात गर्दथ्यो । कोरियालाई त दोस्रो विश्वयुद्धले थलिएको वेला भोकमारीको समयमा १९६१ मा चामाल सहयोग गरेर मानवताको लागि खेलेको भुमिका नेपालका लागि गौरवको ईतिहास छ ।

तर यता नेपाल देशको अवस्था परिवर्तनको नाममा कहिले प्रजातन्त्र, कहिले लोकतन्त्र, कहिले गणतन्त्र चाहियो भनेर व्यवस्था माग्दा माग्दै र अधिकारको लागि लड्दा लड्दै आफै मागिखाने अवस्थामा पुगेको छ । विदेशी ऋण नलिने हो भने नेपालको अर्थ व्यवस्था नै चल्न नसक्ने परिस्थितिवाट गुज्रन थालेको छ ।

राणाकालीन साशनको वेला, भोटको तकमरी अर्थात रूपैया पैसा नेपालले छपाउने काम गर्दथ्यो । नेपालमा बनेको जुट मिलवाट उत्पादित जुटको बोरामात्र भारत र बगलादेशमा टनका टन बिक्री गरेर नेपालले आम्दानी गर्दथ्यो । नेपालको भृकुटी कागज कारखानावाट उत्पादन भएको कागज बगलादेश, भुटान त्यही भारतमा समेत बिक्री गर्न सकेको नेपाल आज नेपाली लोक्तोले बनेको कागज वाहेक सवै कागज विदेशवाट आयात गर्न बाध्य भएको छ ।

सीमा जजिकै रहेका भारतीय नागरिकलाई नेपालका खेलमा काम लगाउने नेपालीहरू अचेल बारी बाँझै राखेर भारतीय बजारमा कुल्ली काम गर्न जान थालेका छन् ।

नेपालको प्रतिष्ठा सँगै आम्दानी पनि गर्ने उद्योग जस्तै जनकपुर चुरोट कारखाना, बासबारी छालाजुत्ता कारखाना, भृकुटी कागज उद्योग, बालाजु-हेटोडा कपडा उद्योग, बुटवल धागो कारखाना, तराईको रेशमी खेती, विराटनगरको नेपालकै पहिलो जुट मिल, लगायत कारखाना परिवर्तनको लागि अधिकार माग्न लडेका पार्टी सरकारमा पुगेको वेलामा नीजिकरण गरेर कतिपय सकिसकेका छन् । कुनै कुनै अवशेषको रूपमा रहेका छन् । जसमा विरगंजको कृषि औजार कारखाना भने अहिलेका शिक्षा तथा विज्ञान प्रविधि मन्त्री आविष्कार केन्द्र नेपालका अध्यक्ष महावीर पुनले सञ्चालनमा ल्याउन खोजिरहेका छन् ।

अधिकार प्राप्त गर्ने नाममा अराजकता मच्चाउदै तोडफोड, आगजनी, अपरहरण, हत्या, हिंसा गर्दै नेपाललाई तहस नहस पार्न उद्यत मानिसहरूको भीडमा नेपाल देशले विदेशमा गएर कमाई गर्ने मजदुरको भरमा बाचेको छ ।

के परिवर्तन यस्तै हुन्छ ? परिवर्तन पछि त विगतको सरकारले गर्न नसकेको काम भन्दा धेरै गुणा राम्रो काम गरेर जनतालाई सेवा दिने राष्ट्रलाई सम्पन्न बनाउने नागरिकको अधिकार सुनिश्चित गर्ने जस्ता कामहरू पो गर्नुपर्ने होला तर नेपालमा भएका कलकारखान २०५० सालमा नीजिकरण गरेर धेरैलाई बेरोजगार बनायो कतिपय पछि व्यवस्थापन राम्रो नहुदा र राजनीतिक पार्टीका भातृ संगठनले नजायज माग राखि आन्दोलन गरी बन्द गराएका छन् ।त्यसै मध्यको गोरखा जिल्लाको आवु खैरेनीमा रहेको गोरखाली टायर उद्योग यसको उदारण हो । यसरी सबै क्षेत्रमा तहस नहस भएको देशले अरूको मुख ताक्नु वाहेक अरू केही देखिएको छैन । हुदा हुदा अधिकारको लागि भएको २०८२ साल भदौ २३ र २४ गते भएको जेन्जेट आन्दोलनको नाममा नेपालको महत्पूर्ण अभिलेख भएका देशका महत्पूर्ण सर्वोच्च अदालत, सिंहदरवार, राष्ट्रपति भवन जलाएर खरानी पारेका छन् । यस्तो सस्कार कस्ले किन सिकायो यसको अध्ययन खोजीको विषय हुनुपर्छ ।

नेपालीहरूको आयस्तर विगतमा भन्दा अहिले बढेको भएपनि नेपालमा कृषि उत्पादन, नेपालीले मानवीय उपभोग्य बस्तुहरू आफैले उत्पादन गर्न छाडेकाले बजारभाउ महगो हुदा नेपालीको अवस्था हेदा वास्ताविक धरातलमा परनिर्भरमुखी बन्दै गएको छ । यस्तै अवस्था कहिलेसम्म राख्ने ? खाना पुगोस् दिन पुगोसको देश कहिले बनाउने ?

# परिवर्तनको आक्रोशमा अग्निज्वाला



■ ज्ञानेन्द्र विवश

परिवर्तनको आक्रोशमा अग्निज्वाला बाल्नु मात्रै ठूलो कुरा हुँदैन, अब खण्डहर संरचना निर्माणमा निःस्वार्थ भावनाले जुट्नु र खरानी पार्ने तत्वहरूलाई कारबाही अति आवश्यक छ ।

परिवर्तनको आक्रोशमा अग्निज्वाला दन्किनु र खरानी बनेर सकिनु कम पीडादायी पल होइन । परिवर्तनको आक्रोश र आवाजलाई गोलीले दमन गर्ने नीति कुनै सत्ताका निम्ति पनि श्रेयष्कर हुँदैन । अन्ततः भोलिको उज्यालो खोज्दै, पढाइमा डुबेर भविष्य बुन्दै, संसारसँगै दौडिन चाहने ती विद्यार्थीहरूको दोष आखिर के थियो ?

तर सत्ताले जवाफ दिनुको साटो गोली दियो । छाती र टाउकोमा निशाना ताकियो । अबोध विद्यार्थीका छातीबाट रगत बग्यो । त्यो रातोपन केवल पीडाको नभई देशकै भविष्य च्यातिएको कपडाजस्तो थियो । यस्तो सरकार कसरी अभिभावक भन्न सकिन्छ ? अभिभावक त छाया हो, माया हो, रक्षा हो तर विवेक हराएपछि, दम्भ मात्र बाँकी रहन्छ । सत्ता अभिभावक होइन, निर्दयी जल्लाद बनिन्छ । अहंकारी, अत्याचारी र अशुभ समाचारको विषय बनिरहन्छ ।

युवाहरूको आन्दोलन रगतमा टुंगिएन । उनीहरूको ज्वालामुखीजस्तो क्रोध भ्रष्ट नेताहरूको महलसम्म पुग्यो । परन्तु यसमा स्पष्ट देखियो घुसपैठ । फलतः नराम्ररी धनसम्पत्ति नष्ट गरियो । सरकारी र निजी भव्य भवन ध्वस्त पारियो । हेर्दाहेर्दै सरकारी भवनहरू अग्निज्वालामा लपेटिए । झन्डा फहराउने, मुस्कानको वातावरण र जिन्दावादले घन्किने भवनमा खरानी उड्यो । कागजका फाइल मात्र होइन, जनताको सपना, इतिहासका पानाहरू नै आगोमा दन्दनी बल्यो । त्यहाँ काम गर्ने निर्दोष पसिना, सपना सबै खरानीमा परिणत भए । परिवर्तनप्रति हर्षको बीचमा खरानीको बिस्मातले मुटु चिरेर रोयो । मूल्यवान् कागपत्र, अभिलेखहरू डढाइयो । प्रमाण सधैंका निम्ति सबै समाप्त पार्ने अभियान चालियो ।

देश आज विरोधाभाषको चित्र बनेको छ- एकातिर भ्रष्ट नेताहरूको पतनको आनन्द, अर्कोतिर आफ्नै सम्पत्ति खरानी बनेको पीडा । आकाशमा कालो धुवाँ र मनमा कालो बादल दुवै छन् । बाटोमा हर्षको नारा र कोठामा मौनताको आँसु दुवै छन् । विरोध र आक्रोश पोख्नु त पोख्नु यति साह्रो अग्निज्वालामै भष्म पार्ने नियत असल भएन । त्यो सम्पत्ति, त्यो घर ती सबै भ्रस्टाचार गरेरै मात्र कमाएका कदापि थिएनन् होला । त्यसमा पुर्ख्यौली सम्पत्तिको आर्जन पनि थियो । केहीले गरे होला तर एउटै तराजुमा सबैलाई राखेर जोख्दा कति निर्दोष आत्मा रोइरहेको छ ।

यस्तो बेला प्रविधिलाई बन्द गरेर पुस्तालाई अन्धकारमा फ्याँक्ने काम अझ घातक भयो । प्रविधि आजको जीवनको उज्यालो हो, चेतनाको घाम हो । त्यसलाई बन्द गर्नु भनेको आँखामा पट्टी बाँधेर उज्यालो खोजी गर्नुजस्तै हो । नवजागरणको उद्घोष गर्दै विद्यार्थीकै उही पहिचानमा सडकमा ओर्लिएका आफ्नै सन्तानलाई सम्झाइ-बुझाइ गर्नुको सट्टा बोली र गोलीले सखाप पार्ने रणनीति अन्ततः आफूहरूकै सत्ता समाप्त पार्ने निहुँ भइदियो ।

इतिहासले यस्ता विवेकविहीन सत्तालाई कहिल्यै क्षमा गर्दैन । गोलीले लागेको घाउ निको होला, तर त्यो दुःखद स्मृति र त्यसले पारेको घाउको खाटा कहिल्यै बिलाउँदैन । र, बेलाबेला बल्झिएर पुस्तौं रहिरहन्छ । जसरी अग्निज्वालाको धुवाँ उडेर आकाशमा हराउला, तर डढेर रहेको खरानीको गन्ध पुस्तौंसम्म कतै न कतै चिनो बाँकी रहन्छ ।

यससँगै जोडिएको थियो- लिम्पियाधुरा, लिपुलेक सिमाना विवादको पीडा । यसै गरी इम्बोस्ड नम्बर प्लेटको अनिवार्य व्यवस्था, राष्ट्रिय परिचयत्रको झन्झटिलो प्रक्रियालगायत यस्ता अनेकौं समस्या, जुन सर्वसाधारण जनताका लागि अनिवार्य आवश्यकता थिएन तर सरकारले अनिवार्य गर्ने निर्णय गरिसकेको थियो । यसमै आगोमा घिउ थप्ने काम भइदियो 'समाजिक सञ्जाल बन्द' को कठोर र अदूरदर्शी निर्णय । यी सबै गलत निर्णय सर्वसाधारणका लागि कष्टकर छँदै थियो । खासमा सुकिलामुकिला, सत्ता सन्निकटहरूकै जतातातै हालिमुहालीमा जनता आजित भइसकेका थिए । आखिर त्यो एकदिन सर्वनाशको रूपमा विष्फोट हुनु थियो, भइदियो । यत्ति मात्रै हो गुण र दोषको भागिदार सत्तासीन भ्रष्ट व्यक्ति र परिवारसँगै अरूले पनि सती जानुपऱ्यो ।

भ्रष्टाचारको विरोध र सुशासनको स्थापना हेतु गरिएको 'जेन्जी आन्दोलन' विध्वंसतर्फ मोडिँदाको विषम परिस्थितिले देशलाई अर्बौंको अपूरणीय क्षति व्यहोर्न बाध्य पारिदिएको छ । यसमा निश्चय घुसपैठ भएको छ । मौकामा चौका हान्ने अर्काको घरमा आगो लगाउने, सवारीसाधन तथा सरकारी भवन जलाउने देशघातीको पक्षमा कोही पनि लाग्नुहुँदैन । तिनको छानबिन होला, हुनुपर्छ । कडाभन्दा कडा सजायको भागिदार पनि तिनले बन्नै पर्छ । यस्ता अराजक व्यक्ति उम्किनु र उम्काउनुहुँदैन ।

अन्ततः युवाहरूको क्रान्तिले भ्रष्ट नेताहरूको पतन त गरायो- तर सँगै आफ्नै सम्पत्तिको खरानी देख्दा देशले रुनै पर्छ । र, यो आँसु मात्र आँसु होइन, भविष्यप्रतिको चेतावनी पनि हो । देश र जनताका लागि, निःस्वार्थ भावले सबैका भलो हुने काम अब पनि भएन भने देश र जनता फेरि अर्को आन्दोलनमा अग्रसर हुने अवस्था नआओस् । किनकि- गोलीले सपना रोकिन्न, ज्वालाले चेतना खरानी बन्न सक्दैन । तर स्वार्थ प्रेरित भई विवेकविना गरिएको हरेक एकल निर्णयले देशको आत्मामा गहिरो चोट थपिरहन्छ ।

आजको युगमा जहाँ प्रविधिले मानिसलाई एक-अर्काको नजिक ल्याएको छ, जहाँ ज्ञानको पहुँच सहज भएको छ, त्यस्तो बेला सरकारले इन्टरनेट र प्रविधि बन्द गरेर आजका युवाहरूलाई ढुङ्गे युगतिर धकेल्न खोज्यो । यो सरकारको गैरजिम्मेवारीको पराकाष्ठा थियो ।

तर, यस्ता अमानवीय र अविवेकी निर्णयहरूको मूल्य चुकाउनै पऱ्यो । इतिहास साक्षी छ कि दमन र हिंसाले कहिल्यै कुनै क्रान्तिलाई रोक्न सकेको छैन । आज गरिएका यस्ता निर्णयहरूको मूल्य सरकारले एक न एकदिन चुकाउने निश्चित थियो । किनकि, अब युवाहरूले टाउकोमा मात्रै हैन, विवेकमा पनि चोट खाएका छन् । उनीहरू आफ्नो भविष्यको लागि कुनै पनि हदसम्म जान तयार छन् ।

परिवर्तनको उज्यालो यात्रामा हिँड्ने चाहना सबैको हुन्छ । त्यसमाथि युवा पुस्ताको रहर झन् संसारै जित्ने हुन्छ । परिवर्तनको नाममा हामीले थुप्रै युगहरू हिँड्यौं । कतै उठान भयो, कतै पतन भयो, कतै आँसु बग्यो, कतै आशाको दियो बल्यो । तर, आजको यो परिवर्तन अन्त्यको कुनै प्रस्थान विन्दु नबनोस् भन्ने चाहना हरेक सचेत आत्माको प्रार्थना हो । किनभने परिवर्तन केवल शासन बदलिने खेल मात्र होइन, यो त राष्ट्रको आत्मा फेरि जाग्ने क्षण हो । नवनिर्माणको प्रस्थान विन्दु पनि हो ।

राष्ट्र हाम्रा सपनाहरूको साझा उद्यान हो- जहाँ माटोको सुवास, नदीको गुनगुन र हिमालको न्यानोपन मिसिएको छ । त्यो उद्यान सधैं सार्वभौम रहोस्, कसैको छायामा कहिल्यै नपरोस्, यही सन्तानले यही धरतीमा गर्व गर्न पाओस् । सार्वभौमत्व केवल नक्सामा सीमारेखा कोर्ने कुरा होइन, यो त हाम्रो आत्मसम्मानको जरा हो, जसलाई हरेक पुस्ताले आफ्नो रगत र पसिनाले सिंचाइ गर्दै आएको छ ।

जनता जागे भने मात्र राष्ट्र साँच्चै जीवित हुन्छ । जनताको आँखा बन्द भए देश अँध्यारोमा डुब्छ, जनताको स्वर मौन भए मुलुक नीरव शून्यताले चिरा परेको घाँटीजस्तो सुनसान हुन्छ । तर जनता उठे भने- पर्वत गुञ्जिन्छ, नदी उत्साहित हुन्छ, अनि चट्टान पनि गर्वले पग्लिन्छ । यही भएर हामी चाहन्छौं- जनता सधैं जागिरहुन्, सधैं बाँचेको अनुभूति गराइरहियोस्, गरियोस् ।

इतिहासले देखाएको छ- निदाएको जनता जहिल्यै दलालहरूको पाउको माटो बनेको हुन्छ । तर, सचेत र जागेको जनता कुनै पनि अँध्यारोलाई चिर्न सक्ने उज्यालो सूर्य हो । यही सूर्यबाट राष्ट्रको बगैंचामा फेरि फूलहरू फुल्छन्, गीतहरू गुन्जिन्छन् र भविष्यका पुस्ताले स्वतन्त्रताको मिठास चाख्न पाउँछन् ।

यसैले, हाम्रो यही विन्ती छ- यो परिवर्तन कुनै सत्ता-सुखको क्षणिक तृप्ति बन्नुहुँदैन । फेरबदलको विगत इतिहास फेरि दोहोरिनुहुँदैन । यो नै होस् नयाँ यात्राको दिगो बाटो, जहाँ सार्वभौम राष्ट्रले गर्वका कदमहरू चालिरहोस् र जनता सामान्य समस्या, दुःखमा नअल्झी आफ्नो पहिचानसँग सुख र सन्तुष्टिपूर्वक सधैं बाँचिरहुन् ।

परिवर्तन एक यस्तो यात्रा हो, जसको कहिल्यै अन्त्य हुँदैन । यो एक निरन्तर प्रक्रिया, जसले समाजलाई नयाँ दिशा दिन्छ, जीवनलाई नयाँ अर्थ दिन्छ र भविष्यलाई उज्ज्वल बनाउँछ । तर, प्रायः हामीले परिवर्तनलाई एउटा गन्तव्य मानेर हिँड्छौं र जब त्यो गन्तव्यमा पुग्छौं, तब सबै कुरा समाप्त भयो भनेर सोच्छौं । यही सोचाइले हामीलाई फेरि शून्यमा ल्याएर निस्किनै नसकिने खाडलमा जाकिदिन्छ ।

मेरो भावना छ- अन्त्यको कहिल्यै प्रस्थान विन्दु नहोस् परिवर्तन । परिवर्तन कुनै अन्तिम गन्तव्य होइन, बरु यो त निरन्तर चलिरहने एक नदीजस्तो हो, जसको प्रवाह कहिल्यै रोकिनुहुँदैन । हामीले आज जे हासिल गरेका छौं, त्यो भोलिको लागि पर्याप्त छैन । हरेक दिन हामीले आफूलाई, समाजलाई र राष्ट्रलाई अझ राम्रो बनाउनको लागि काम गर्नुपर्छ । परिवर्तनलाई राजनीतिक नारा वा घटनाको रूपमा हेर्नुको सट्टा, हामीले यसलाई आफ्नो जीवनशैलीको एक सकारात्मक हिस्सा बनाउनुपर्छ ।

हाम्रो देश युगौंदेखि एक सार्वभौम राष्ट्रको रूपमा उभिएको छ । यो कुनै आकस्मिक कुरा होइन, बरु हाम्रा पुर्खाहरूको त्याग, बलिदान र समर्पणको परिणाम हो । त्यसैले, 'राष्ट्र सधैं-सधैं सार्वभौम भई बाँचिरहोस्' भन्ने हाम्रो सामूहिक सपना हो । यो सपना साकार पार्नका लागि हामीले केवल राजनीतिक स्वतन्त्रता मात्र होइन, आर्थिक र सामाजिक स्वतन्त्रतालाई पनि सुनिश्चित गर्नुपर्छ । जबसम्म देशको हरेक नागरिकले स्वतन्त्र र सुरक्षित महसुस गर्दैन, तबसम्म राष्ट्रको सार्वभौमिकता अधुरो हुन्छ ।

र, सबैभन्दा महत्वपूर्ण कुरा, 'जनता जागेको र बाँचेको सधैं देख्न पाइयोस्' । कुनै पनि राष्ट्रको वास्तविक शक्ति जनता नै हुन् । जब जनता जाग्छन्, तब राष्ट्रमा चेतनाको दियो बल्छ । जब उनीहरू बाँच्छन्, तब राष्ट्रको मुटु धड्किन्छ । जाग्नु भनेको विरोध गर्नु मात्र होइन, आफ्नो अधिकार र कर्तव्यप्रति सचेत हुनु हो । बाँच्नु भनेको श्वास लिनु मात्र होइन, सम्मान, सुख र सुरक्षाका साथ जीवन जिउनु पनि हो ।

यो लेख मेरो भावनाको प्रतिरूप हो- एक यस्तो आशा, जसले परिवर्तनलाई निरन्तरता दिन, राष्ट्रलाई सार्वभौम बनाउन र जनतालाई सधैं जागृत र जीवित राख्नका लागि आह्वान गर्छ भन्ने मेरो विश्वास छ । यो सपना साकार पार्न हामी सबै एकजुट भएर लाग्नुपर्छ । परिवर्तनको यो लडाइँमा निर्दोषहरूको रगत खेर जानेछैन । उनीहरूको बलिदानले भविष्यमा एउटा सुन्दर र न्यायपूर्ण समाजको निर्माण गर्नेछ । यद्यपि यस्तो कदापि पनि नहोस्- अब फेरि छेपाराहरूले रङ्ग फेर्नेछन् । आँसु र क्रान्तिका गीतहरू घन्किनेछन् । आफ्ना कलंकित दिनहरूलाई गफका सुकिला पानीले पखाल्नेछन् । आफ्नाले कमाएको 'कालो धन' लाई 'सेतो' बनाउने प्रयत्नमा फेरि लाग्नेछन् । त्यसैले परिवर्तनको आक्रोशमा अग्निज्वाला बाल्नु मात्रै ठूलो कुरा हुँदैन, अब खण्डहर संरचना निर्माणमा निःस्वार्थ भावनाले जुट्नु र खरानी पार्ने तत्वहरूलाई कारबाही अति आवश्यक छ ।

# सुन तस्करी प्रकरणमा पूर्वउपराष्ट्रपति पुनमाथि पनि अनुसन्धान

काठमाडौं- विद्युतीय चुरोट (भेप) मा सुन लुकाएर तस्करी प्रकरणमा पूर्वउपराष्ट्रपति एवम् माओवादी केन्द्रका उपाध्यक्ष नन्दबहादुर पुन (पासाङ) र उनका छोराहरूविरुद्ध प्रहरीले अनुसन्धान अघि बढाएको छ ।

यही प्रकरणमा पूर्वसभामुख समेत रहेका माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरालाई प्रहरीले आइतबार पक्राउ गरिसकेको छ । उनीमाथि चिनियाँ संगठित गिरोहसँग मिलेर सुन तस्करी गरेको आरोपमा अनुसन्धान भइरहेको छ ।



सुन तस्करी प्रकरणमा रोल्पाको राङ्सी घर भएका पूर्वउपराष्ट्रपति पुन पनि विवादमा मुछिएकाले उनीमाथि पनि अनुसन्धान अघि बढाइएको नेपाल प्रहरीका एक उच्च अधिकारीले बताए ।

पुन दुई कार्यकाल उपराष्ट्रपति छँदा स्वकीय सचिव रहेका जितेन्द्र हाल अमेरिकामा रहेको पारिवारिक स्रोत बताउँछ । पूर्वउपराष्ट्रपति पुनका कान्छा छोरा दीपेश पुन पनि सुन तस्करी प्रकरण, सहकारी ठगी र भुटानी शरणार्थी प्रकरण लगायतमा मुछिएपछि फरार रहेको प्रहरी अधिकृतहरुले बताएका छन् ।

२०७९ सालमा भेपमा लुकाएर ल्याइएको करिब ९ किलो सुन र २०८० सालमा हङकङबाट ब्रेक सुमा लुकाएर ल्याइएको ६१ किलो सुन तस्करी प्रकरणमा दिपेश मुछिएका छन् । सुन तस्करी प्रकरणमा गठन गरिएको जाँचबुझ आयोगले दीपेशको संलग्नता किटान गर्दै थप अनुसन्धान गर्न सरकारलाई सुझाव दिएको थियो ।

सहकारी ठगी प्रकरणमा पक्राउ समेत परेका दिपेश हाजिरी जमानीमा छुटेका थिए । हाल उनी भारतमा रहेको सूचना रहेको प्रहरी अधिकारीहरु बताउँछन् । यसैगरी तत्कालीन उपराष्ट्रपति पुनको सचिवालयमा 'वैदेशिक मामिला विज्ञ' पदको नियुक्ति लिएका जीवनकुमार गुरुङसमेत सुन तस्करी प्रकरणमा २०८० साल फागुनमा पक्राउ परेर धरौटीमा रिहा भएका थिए ।

यसैगरी पुनको आफन्त अमला रोका समेत सुन तस्करी प्रकरणमा जोडिएकी थिइन् । ठमेलको 'होटल भियना'समेत सञ्चालन गरेकी रोका गत असारमा दुई लाख धरौटीमा रिहा भएकी थिइन् ।

पूर्वउपराष्ट्रपति पुनका छोराहरु, आफन्त र उनको सचिवालयका सदस्य समेत सुन तस्करी प्रकरणमा मुछिएका र पुनको चिनियाँ टोलीसँग शंकास्पद सम्बन्ध रहेको भन्दै प्रहरीले उनीमाथि अनुसन्धान अघि बढाएको हो ।

## रामेछाप डायरी

# रामेछाप नगरपालिकाको वित्तीय प्रगति ८३ दशमलव ०७ प्रतिशत

रामेछाप- रामेछापको रामेछाप नगरपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा ८३ दशमलव ०७ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ ।




आईतबार रामेछाप नगरपालिकाले आयोजना गरेको वार्षिक समिक्षा कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत भोला प्रसाद चापागाईले आ.व.२०८१/८२ को अवधिभर संचालन भएका विकास निर्माण तथा सेवा प्रवाहको बारेमा जानकारी गराएका थिए ।

चालु आ.व.मा अनुमानित कुल बजेट रू. ७६ करोड ८८ लाख ६९ हजार ५सय ५१ मध्ये रू. ६३ करोड ८७ लाख ६१ हजार ८ सय ४५ खर्च भएको उहाँले बताउनुभयो । यसमा चालु खर्चतर्फ रू. ५० करोड ५० लाख ४३ हजार ६ सय ६ बजेटमध्ये ८९.४८ प्रतिशत अर्थात् रू. ४४ करोड १८ लाख ५ हजार ८७६ खर्च भएको हो । पुँजीगत खर्चतर्फ रू. २६ करोड ३८ लाख २५ हजार ९४५ मध्ये ७६.६५ प्रतिशत अर्थात् रू. १९ करोड ६९ लाख ५५ हजार ९३८ खर्च भएको प्रमुख प्रशासकीय अधिकृत चापागाईले बताए ।

नगरपालिकाको वार्षिक राजश्व संकलन लक्ष्य रू. १ करोड १२ लाख १४ हजार रहेकोमा लक्ष्यभन्दा बढी राजश्व संकलन भएको छ । एक वर्षको अवधिमा रू. १ करोड ३० लाख २६ हजार ४ सय २८ रुपैयाँ राजश्व संकलन गरेको प्रमुख प्रशासकीय अधिकृत चापागाईले बताए । नगरपालिका कार्यालयबाट रू. ६९ लाख ४० हजार ३ सय ६५ रुपैयाँ राजश्व संकलन भएको छ ।

वडा कार्यालय तर्फ सबै भन्दा बढी राजश्व वडा नम्बर ६ बाट संकलन भएको भने सबैभन्दा कम वडा नं १ बाट संकलन भएको छ । वडा नं ६ ले १० लाख २ हजार ४ सय १३ रुपैयाँ राजश्व संकलन गर्दा वडा नं १ ले ३ लाख ४० हजार ५६८ रुपैयाँ मात्रै संकलन गरेको छ ।

वार्षिक समिक्षा कार्यक्रममा नगरका विभिन्न शाखाहरुमार्फत भएको प्रगति सम्बन्धित शाखाका प्रमुखहरुले जानकारी गराउनुभयो । साथै बालमैत्री घोषणा कार्यक्रममा भएको खर्चको विवरण समेत सार्वजनिक गरिएको छ ।

उक्त कार्यक्रममा पत्रकार महासंघका अध्यक्ष दिपक घिमिरे, रास्वपाका नेता दुर्गा बहादुर बस्नेत,नेकपा एमालेका नगर सचिव माधव ढकाल र नेपाली कांग्रेसका नगर उपसभापति केदार कार्कीले नगरपालिकालाई विभिन्न सुझाव सहितको मन्तव्य राखेका थिए ।

जिल्ला समन्वय समिति रामेछापका प्रमुख चिना खड्का कार्कीको प्रमुख आतिथ्यता र नगरपालिका प्रमुख लबश्री न्यौपानेको अध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा उपप्रमुख बाल कुमारी कार्की, नगर प्रवक्ता समिर कार्की, विभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधी, विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधी, वडाअध्यक्षहरु, पत्रकार, नगरपालिकाका कर्मचारी, लगायतको उपस्थिती रहेको थियो ।

# जेनजी ग्रुपले लियो भोटेकोशीको १० प्रतिशत सेयर





काठमाडौं- जेनजी आन्दोलनको नाममा सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिकाको एउटा समूहले भोटेकोशी पावर कम्पनीलाई दबाब दिँदै भोटेकोशी जलविद्युत् आयोजनाको १० प्रतिशत शेयर लिएको छ ।

भोटेकोशी जेन-जी पब्लिक इन्भेष्टमेन्ट पब्लिक लिमिटेडको नाममा स्थानीयको समूहले ४५ मेगावाटको अपर भोटेकोशी जलविद्युत् आयोजनाको १० प्रतिशत शेयर माग्दै आयोजनाको कामकाज एक महिनादेखि बन्द गराएको थियो । आइतबार भोटेकोशी पावर कम्पनी र जेन-जी पब्लिक इन्भेष्टमेन्ट पब्लिक लिमिटेडबीच १० प्रतिशत शेयर लेन-देनमा सम्झौता भएसँगै आयोजना सञ्चालनमा आएको छ । सम्झौता पत्रमा जेनजी पब्लिक इन्भेष्टमेन्ट पब्लिक लिमिटेडका अध्यक्ष फुर्पा शेर्पा र भोटेकोशी कम्पनीका तर्फबाट सचिव विश्वमोहन कर्माचार्य लगायतले हस्ताक्षर गरेका छन् । २० हजार शेयर सदस्यको कम्पनी खोली १० प्रतिशत शेयर बिक्री गरिएको र डिभिडेन्ड र बोनसबाट बिक्री शेयरको पैसा मिलाउने गरी दिने सहमती भएको स्रोतले जनाएको छ ।

यसअघि नै राजनीतिक दलका प्रतिनिधिसमेतको रोहबरमा आयोजनाले स्थानीयलाई ६ प्रतिशत शेयर दिने सम्झौता भएको थियो । तर भदौ २३-२४ गतेको जेनजी आन्दोलनको क्रममा 'भोटेकोशी जेनजी ग्रुप'को नाममा स्थानीयको एक समूहले आयोजना बन्द गराउँदै १० प्रतिशत शेयर निःशुल्क मागेको थियो । कम्पनीले १० प्रतिशत शेयर दिन तयार भएको तर निःशुल्क भने दिन नसकिने बताएको थियो । त्यसैले एक महिनासम्म आयोजना बन्द थियो । तर आइतबार 'भोटेकोशी जेनजी ग्रुप' र भोटेकोशी पावर कम्पनीबीच १० प्रतिशत सेयर लेनदेन सम्झौता भएको छ ।

'भोटेकोशी पावर कम्पनी प्राइभेट लिमिटेड (दोस्रो पक्ष) ले आफ्नो शेयरमध्येबाट १० प्रतिशत शेयर आयोजनाको जलविद्युत् उत्पादन क्षेत्रका स्थानीय तहका प्रत्यक्ष प्रभावित स्थानीय जनता समेटी खडा भएको लगानी गर्ने पब्लिक लिमिटेड कम्पनीलाई दिने सहमति गरियो,' सम्झौता पत्रमा भनिएको छ, 'दोस्रो पक्षले प्रथम पक्षलाई दिने भनेको उल्लेखित १० प्रतिशत शेयर साबिक २०७१।०९।०९ को सम्झौता बमोजिमको ६ प्रतिशतमा ४ प्रतिशत बढाई जम्मा १० प्रतिशत कायम गर्ने सहमति गरियो ।'

# मंसिरभित्रै नियमित महाधिवेशन गर्न माग राख्दै कांग्रेस नेतृत्वको ध्यानाकर्षण

काठमाडौं- नेपाली कांग्रेसको नियमित महाधिवेशन गर्नका पार्टी मूल नेतृत्वको ध्यानाकर्षण गरिएको छ ।



कांग्रेसका युवा नेताहरूको एक समूहले मुख्य सचिव कृष्णप्रसाद पौडेल मार्फत् सभापति शेरबहादुर देउवाको ध्यानाकर्षण गराएका हुन् ।

नियमित महाधिवेशनले मात्रै पार्टीका संरचनामा युवा पुस्ताको सम्मानजनक सहभागिताको हुने बाटो खुल्ने ध्यानाकर्षण पत्रमा भनिएको छ ।

'पार्टीको पुनर्गठन, पुस्तान्तरण र रूपान्तरणको प्रक्रियालाई वैधानिकरूपमा अघि बढाउन सक्ने एक मात्र विकल्प भनेको विधिवत नियमित महाधिवेशन मात्रै हो,' पत्रमा भनिएको छ ।

ध्यानाकर्षण पत्र बुझाउने मध्येका एक नेविसंघका पूर्व नेता दीपक भट्टराईले कांग्रेसमा आन्तरिक एकता हुनुपर्ने र मंसिरभित्रै नियमित महाधिवशेन हुनुपर्ने विचार राखे ।

उनले भने,'नयाँ पुस्तालाई निषेध गरी हुने महाधिवशेनले कांग्रेस र देशको माग सम्बोधन गर्नसक्दैन ।' सभापति देउवा नेतृत्वको कार्यसमितिको अवधि यही मंसिरमा सकिने हुँदा थप गर्न नहुने उनले बताए ।

जेनजी युवाहरूको भावना अनुरुप सुशासन, पारदर्शिता र भष्ट्राचारमा शुन्य सहनशीलताको मुद्दालाई पार्टीले गम्भीरता पूर्वक लिनुपर्ने ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ ।

आर्थिक अनुशासनलाई पारदर्शी बनाउन 'आन्तरिक अनियमितता छानबिन आयोग' गठन गरी २०४६ साल पछिका केन्द्रदेखि स्थानीय तहको नेतृत्वमा पुगेको व्यक्तिहरूको सम्पत्ति छानबिन गर्न माग गरिएको छ ।

# भेरी नगरपालिकाका सात जना कर्मचारी विरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जाजरकोट भेरी नगरपालिकाको सडक निर्माण ठेक्का प्रक्रियामा अनियमितता भएको भन्दै सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

अख्तियारले भेरी नगरपालिकाको कारागार रानागाउँ नेटबजार सडक निर्माणआयोजना सम्बन्धी ठेक्कामा अनियमिता भएको ठहर गर्दै सोमबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको हो ।

झण्डै २ करोड ८० लाख रुपैयाँ लागतको उक्त आयोजनामा बोलपत्र प्रक्रिया पारदर्शीता नदेखिएको र निश्चित ठेकेदारलाई लाभ हुने गरी ठेक्का दिइएको देखिएको अख्तियारको ठहर छ ।

२०८० साल फागुन २० गते 'थापा/सविन/सुदर्शन जे.बी.' सँग २ करोड ६९ लाख ५५ हजार २३३ रुपैयाँ ९० पैसा (भ्याट र एक् सहित) रुपैयाँमा नगरपालिकाले ठेक्का सम्झौता गरेको थियो ।

तर, उक्त संयुक्त ठेकेदार कम्पनीले आवश्यक औसत वार्षिक कारोबार ७० प्रतिशत नपुगेको र साइट भिजिट प्रमाणपत्र समेत नदिएको अवस्थामा पनि योग्य घोषित गरी ठेक्का दिइएको पाइएको अख्तियारले जनाएको छ ।




आयोगले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ का प्रावधान उल्लघंन गरी ठेक्का प्रक्रिया हेरफेर गरेको अभियोगमा भेरी नगरपालिकाका तत्कालीन र हाल कार्यरत सात जना कर्मचारी तथा ठेकेदार कम्पनीका प्रतिनिधिमाथि भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आरापितहरूमा भेरी नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत दलबहादुर घर्ती, इञ्जिनियर मोहन मल्ल, विकास अधिकृत अनिस शाह, कानुन अधिकृत प्रकाश कुमार शाही, लेखापाल राजेन्द्र बहादुर कठायत, नायब सुब्बा कृति बहादुर थापा, ठेकेदार कम्पनी थापा/सविन/सुदर्शन जेभीका प्रतिनिधि तथा सेवा प्रालिका प्रोप्राइटर दिपक बहादुर खत्री रहेका छन् ।

उनीहरूमाथि समान ८१ लाख ५३ हजार ६३० रुपैयाँ ५१ पैसा बिगो कायम गरी मुद्दा दायर भएको अख्तियारका प्रवक्ता राजेन्द्र कुमार पौडेलले जानकारी दिए ।

आयोगले दायर गरेको आरोपपत्रमा सबै प्रतिवादीमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद सजाय र जरिवानाको माग गरिएको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- १२,
२०८२ साल असोज २८ गते मंगलबार
14 OCTOBER 2025, TUESDAY

# शेयरधनीलाई ८ प्रतिशत नगद लाभांश घोषणा




**काठमाडौं–** ग्लोबल आइएमई बैंक लिमिटेडले गत आर्थिक वर्ष २०८१/८२ को वितरणयोग्य मुनाफाबाट शेयरधनीलाई ८ प्रतिशत नगद लाभांश दिने भएको छ ।

बैंकले हाल कायम चुक्ता पूँजीको ८ प्रतिशत दरले नगद लाभांश (कर प्रयोजनार्थ सहित) वितरण गर्ने प्रस्ताव गरेको हो । उक्त प्रस्ताव नेपाल राष्ट्र बैंकबाट स्विकृत भई बैंकको आउँदो साधारणसभाबाट पारित भएपछि बैंकले शेयरधनीलाई वितरण गर्नेछ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिंदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

# जेनजी आन्दोलनका शहीद परिवारका एक/एक सदस्यलाई रोजगारी दिने चौधरी ग्रुपको घोषणा



**काठमाडौं–** चौधरी समूह (सीजी ग्रुप)ले जेनजी आन्दोलनका प्रत्येक शहीद परिवारका एक सदस्यलाई रोजगारी दिने घोषणा गरेको छ ।

सीजी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीले बुधबार सामाजिक सञ्जालमार्फत शहीद परिवारका सदस्यलाई रोजगारी दिने घोषणा गरेका हुन् ।

'जेनजी आन्दोलनका शहीदप्रति चौधरी ग्रुपका तर्फबाट हार्दिक श्रद्धाञ्जली एवं परिवारजनप्रति गहिरो समवेदनाका साथ उच्च सम्मान व्यक्त गर्दछौं । आन्दोलनका क्रममा हाम्रो निजी निवास, कार्यालय, शोरूम र कारखानाहरूमा भएको ठूलो क्षति र विध्वंसले हामीलाई गहिरो पीडा दिएको छ,' उनले भनेका छन्, 'यो पीडादायी घडीमा पनि हामी दृढ आत्मविश्वासका साथ पुनर्निर्माणको यात्रामा अघि बढेका छौं । यस कठिन समयमा चौधरी ग्रुप शहीद परिवारप्रति उच्च सम्मान व्यक्त गर्न निम्न अनुसारको प्रतिबद्धता व्यक्त गर्न चाहन्छ- जेनजी आन्दोलनका प्रत्येक शहीद परिवारका एक सदस्यलाई हामी रोजगारी प्रदान गर्नेछौं । यो केवल हाम्रो वाचा मात्र होइन, हाम्रो गहिरो कर्तव्य र श्रद्धा हो ।

निर्वाणले रोजगारी दिनका लागि शहीद परिवारलाई आफ्नो ग्रुपले सम्पर्क गर्ने बताएका छन् ।

# राष्ट्र बैंकले डेबिट कार्डमार्फत गरिने कारोबारको सीमा घटायो



काठमाडौं- नेपाल राष्ट्र बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्ने उद्देश्यले डेबिट कार्डबाट गरिने कारोबारको रकम घटाएको छ ।

राष्ट्र बैंकले डेबिट कार्डमार्फत प्रति कारोबार २० हजार, प्रति दिन ५० हजार र प्रति महिना ३ लाख रुपैयाँ कारोबार गर्न सकिने व्यवस्था गरेको हो ।

नयाँ व्यवस्था कार्यान्वयनका लागि राष्ट्र बैंकले शुक्रबार बैंक तथा वित्तीय संस्थाहरुलाई सर्कुलर पठाएको छ । सर्कुलरमा डेबिट कार्डमार्फत गरिने कारोबारको रकम घटाउन भनिएको छ

यसअघि प्रति कारोबार २५ हजार, प्रति दिन १ लाख र प्रति महिना ४ लाखसम्म कारोबार गर्न सकिने व्यवस्था थियो ।

# जेनजी विद्रोहपछि ऋण असुली प्रभावित, लयमा फर्किंदो बैंकिङ क्षेत्रमा थप चुनौति




**काठमाडौं–** डुबेको ऋण उठाउन सकस परिरहेका बेला नियमित किस्ता तिरिरहेका ऋण उठाउन पनि समस्या देखिएको छ । जेनजी आन्दोलन र बाढीपहिरोका कारण भएको क्षतिसँगै व्यवसायिक कारोबार खुम्चिँदा नियमित रहेका ऋण उठि्तमा पनि समस्या देखिएको हो ।

यतिबेला बैंक तथा वित्तीय संस्थाहरु चालु आर्थिक वर्षको पहिलो त्रैमासको संघारमा छन् । सामान्यतयाः दसैं तिहारले गर्दा पहिलो त्रैमासमा बैंकहरुले ऋणका लागि केही बढी नै 'फलोअप' गर्नँ पर्छ । तर, यसपाली फलोअपले काम गरिरहेको छैन ।

६/८ महिनादेखि आर्थिक अवस्थामा केही सुधार देखिएको थियो । यसले गर्दा बैंकहरु पुरानो डुबेको ऋण उठ्नेमा आशावादी थिए । तर, महिना दिन अगाडिको जेनजी आन्दोलनसँगै बढेको भय र असुरक्षाका कारण आर्थिक गतिविधि खुम्चिँदा 'क्यासफ्लो' मै समस्या देखिन थालेको छ । यसले गर्दा यसअघिको अप्ठेरो अवस्थामा पनि नियमित साँवा/ब्याज बुझाएकाहरुले पनि यसपाली 'सकिँदैन' भनेर जवाफ दिन थालेका छन् ।

'मालवस्तु नै बिक्री भएको छैन । दसैंतिहारका लागि भनेर आयात गरिएका सामानहरु स्टक भएर बसेको छ' भन्दै बैंकहरुलाई उनीहरुले जवाफ दिन थालेका छन् ।

एनएमबि बैंकका प्रमुख कार्यकारी अधिकृत (सीइओ) गोविन्द घिमिरे त्रैमाससको अन्तमा असुली केन्द्रित गर्दा पनि असुली सुधार नदेखिएको बताउँछन् ।

'त्रैमासको अन्ततिर व्यवसाय बढाउने भन्दा पनि असुलीमा बढी केन्द्रित हुन्छौं । अहिले ऋण असुली समस्या बढेको छ,'उनले भने,' जेनजी आन्दोलन, बाढी पहिरो लगायतका समस्याले पुर्याएको क्षतिले ऋणीहरुलाइ केही समस्या परेको छ । ऋणीहरुले समस्या परेपछि असुली प्रभावित भएको हो ।'

असुली प्रभावित हुँदा त्यसले बैंकिङ क्षेत्रमा थप चुनौति थपिएको उनको भनाई छ । कर्जाको माग सुस्त रहेको बेला ऋण असुली प्रभावित हुँदा त्यसको असर बैंकिङ क्षेत्रमा पर्छ ।

अहिले बैंकिङ प्रणालीमा १० खर्ब बढी लगानी योग्य रकम छ । कर्जाको माग छैन । पुरानोसँगै नियमित कर्जा असुलीमा समेत समस्या छ । पछिल्लो तीन महिनामा वाणिज्य बैंकहरुले ३० अर्ब कर्जा लगानी बढाएका छन् ।

गत असार मसान्तमा वाणिज्य बैंकहरुले ४९ खर्ब ७५ अर्ब कूल कर्जा प्रवाह गरेकोमा अहिले (असोज २० गतेसम्म) आइपुग्दा ३० अर्बले बढेर कूल कर्जा ५० खर्ब ५ अर्ब रुपैयाँ पुगेको छ । निक्षेप भने १ खर्ब ७३ अर्ब रुपैयाँ निक्षेप थपिएको छ ।

पोहोर तीन महिनामा वाणिज्य बैंकहरुले १ खर्ब ९ अर्ब रुपैयाँ कर्जा लगानी गरेका थिए । लगानी बढाउन नसकिरहेको बेलामा ऋण असुली प्रभावित हुँदा त्यसको असर बैंकिङ क्षेत्रमा पर्छ ।

अहिले पनि अधिकांश बैंकहरुमा पुँजीकोष दबाबमा छन् । बढ्दै गइरहेको खराब कर्जाले कर्जा नोक्सानी बढेर पुँजीकोष दवाब झेलिरहेको बैंकहरुलाइ ऋण असुली बिग्रिए व्यवसाय नै बढाउन नसक्ने अवस्थामा पुग्छन् । नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेय पुरानोसँगै नियमित असुली समेत प्रभावित भएको बताउँछन् ।

'ठूला साना सबै ऋणमा समस्या देखिएको छ । पुरानो ऋण असुली नभइरहेको बेलामा अहिले रेगुलर पनि असुलीमा समस्या छ,' उनले भने,'असुलीमा सुधार हुन अझै केही समय लाग्ने देखिन्छ । सरकारले केही सहुलियत दिएकाले विस्तारै मनोबल उकासिएर र व्यवसायी वातावरण बनेर असुली सुधार होला भन्ने अपेक्षा छ ।'

अहिले पुरानो सँगसँगै 'रेगुलर' कर्जा असुलीमा समेत समस्या रहेको पाण्डेयको उनको भनाइ छ ।

अधिकांश बैंकहरुको ऋण प्रभावित हुँदा पुँजीकोष दबाब पर्ने अर्का एक बैंकका सीइओले बताए ।

'राष्ट्र बैंकको सुविधाले गत वर्ष अधिकांश बैंकहरु पुँजीकोषमा थोरै सुधार भएको थियो । अहिले ऋण असुली थप प्रभावित भइरहेको छ,' उनले भने,'केही कर्जा बिग्रिने बित्तिकै खराब कर्जा बढेपछि त्यसले नोक्सानी बढ्नुका साथै पुँजीकोष दबाब भएर व्यवसाय नै बढाउन नसक्ने अवस्था हुन्छ ।

# राष्ट्रिय वाणिज्य बैंकले भन्यो : ग्राहकसँग व्यक्तिगत गोप्य विवरण मागिएको छैन




**काठमाडौं–** राष्ट्रिय वाणिज्य बैंकले पछिल्ला दिनमा केही अनधिकृत व्यक्तिले बैंकका नाममा ग्राहकलाई फोन गरी ठगीजन्य गतिविधिमा संलग्न रहेको भन्ने सूचना प्राप्त भएको सन्दर्भमा आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

त्यस्ता अनाधिकृत व्यक्तिले व्यक्तिगत विवरण माग्ने, झुटा अफर तथा योजनाको बारेमा जानकारी दिँदै आर्थिक लाभको प्रलोभनमा पार्ने जस्ता ठगीजन्य गतिविधिहरूमा संलग्न रहेको भन्ने सूचना बैंकमा प्राप्त भएको उल्लेख गरेको छ । बैंकद्वारा आज प्रेस विज्ञप्तिमा भनिएको छ 'बैंकका कुनै पनि कर्मचारी वा अधिकृत प्रतिनिधिद्वारा कहिल्यै कुनैपनि प्रयोजनका लागि फोन, इमेल, सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट ग्राहकसँग एटिएम् पिन, मोबाइल बैंकिङ तथा ई-बैंकिङका ओटिपि, इमेल, पासवर्ड वा अन्य व्यक्तिगत गोप्य विवरण मागिएको छैन ।'

बैंकका उपकार्यकारी अधिकृत पवन रेग्मीद्वारा जारी सो विज्ञप्तिमा अनाधिकृत रुपमा आउने यस किसिमका फोन, इमेल वा सामाजिक सञ्जालका सन्देशमा विश्वास नगर्न समेत अनुरोध गरिएको छ । रासस

# बीपी राजमार्गमा गाडी चल्न सुरु

**काठमाडौं–** अघिल्लो हप्ताको बाढीपहिरोले क्षतिग्रस्त बीपी राजमार्ग विभिन्न ठाउँमा मर्मतपछि गाडी चल्न थालेका छन् । क्षतिग्रस्त सम्पूर्ण खण्डमा शुक्रबार बेलुका 'ट्र्याक' खुलाएर परीक्षण गरेसँगै शनिबार बिहानदेखि गाडी चल्न थालेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ । काभ्रेको नमोबुद्ध नगरपालिका-६ चौकीडाँडाबाट रोशी गाउँपालिकाको माम्तीसम्म 'ट्र्याक' खोली सकेर परीक्षण गरिएको थियो । कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशका अनुसार बीपी राजमार्गको चौकीडाँडा, कटुञ्जे-घुमाउने, चारसयबैंसी, गिम्दीबैंसी, नार्के, चिउरीबास, बोक्सीकुना, कालढुङ्गा, डालाबैंसी तथा पिप्लेको चार ठाउँ, माम्तीको दुई ठाउँमा डाइभर्सन निर्माण सम्पन्न गरी आज बिहानदेखि सहज रुपमा गाडी चल्न थालेका छन् ।

कार्यालयले यो राजमार्गको काभ्रेपलाञ्चोक खण्डमा १६ र सिन्धुली खण्डमा तीन ठाउँमा डाइभर्सन निर्माण सम्पन्न गरी ट्र्याक खुलाएको थियो । रोशी खोलाको बाढीले रोशी क्षेत्रमा झन्डै चार किलोमिटर सडक कटान गरेको थियो ।

# बागलुङमा एक अर्ब ९४ करोड ६० लाखको आलु उत्पादन



**ढोरपाटन (बागलुङ)–** यस वर्ष जिल्लामा एक अर्ब ९४ करोड ६० लाख मूल्य रुपैयाँ बराबरको आलु उत्पादन भएको छ । यहाँका किसानले बर्खे र हिउँदे गरी दुई याममा आलुखेती गर्दै आएका छन् ।

हिउँदेभन्दा बर्खे आलु उत्पादन बढी हुने गरेको छ। आलु उत्पादनका हिसाबले जिल्लाको माथिल्लो क्षेत्र उपयुक्त रहेकाले बर्सेनि करोडौँ मूल्य बराबरको आलु उत्पादन हुने गरेको छ । कृषि ज्ञान केन्द्र बागलुङले आलुखेतीमा लगानी गर्दै आएपछि किसानसमेत यसतर्फ आकर्षित भएका छन् ।

यहाँको तमानखोला, ताराखोला, निसीखोला, काठेखोला गाउँपालिका, ढोरपाटन र गलकोट नगरपालिका–लगायत क्षेत्रमा आलु उत्पादन बढी हुने गर्छ । यस वर्ष दुई हजार ८ सय ६० हेक्टर क्षेत्रफलमा आलु लगाइएकामा ५५ हजार ६ सय मेट्रिकटन उत्पादन भएको कृषि ज्ञान केन्द्र बागलुङका सूचना अधिकारी सन्तोष अधिकारीले जानकारी दिए । अघिल्लो वर्षको तुलनामा यसवर्ष खेती गरेको क्षेत्री र उत्पादनमा कमी आएको उनको भनाइ छ ।

उनका अनुसार गत वर्ष तीन हजार ७ सय हेक्टर क्षेत्रफलमा आलु लगाइएको थियो भने ५६ हजार २ सय ४० मेट्रिकटन उत्पादन भएको थियो । गत वर्षको तुलनामा यस वर्ष ८ सय ४० हेक्टर कम क्षेत्रफलमा आलु लगाइएको थियो । किसानले उत्पादन गरेको आलु प्रतिकिलो ३५ रुपैयाँमा बिक्री भएको अधिकारीले जानकारी दिए ।

ज्ञान केन्द्रले आर्थिक वर्ष २०८०–८१ मा दुई करोड ६० लाख रुपैयाँ, २०८१–८२ मा एक करोड ५९ लाख रुपैयाँ र चालु आर्थिक वर्षमा ५५ लाख ९० हजार रुपैयाँ लागतमा नयाँ क्षेत्र विस्तार गरेको छ ।

'बागलुङको माथिल्लो क्षेत्र आलु उत्पादनका लागि उपयुक्त हावापानी छ, यहाँ खायन आलु राम्रो उत्पादन हुने गरेको छ, किसानहरु उत्साहित भएर लाग्नुभएको छ, तीन वर्षदेखि यसको क्षेत्र विस्तार र उत्पादन बढाउनका लागि हामीहरु लागि रहेका छौँ', अधिकारीले भने, 'खायन आलु क्षेत्र विस्तारसँगै नयाँ प्रविधिको प्रयोग, मलखाद व्यवस्थापन गर्ने, सिँचाइ व्यवस्थापन गरी उन्नत जातको बीउ लगाइने छ, यस वर्ष थप ४३ हेक्टर क्षेत्रफलमा खायन आलु लगाउने लक्ष्य छ ।'

यहाँ उत्पादित आलु बागलुङ, बुटवल, चितवनलगायत सहरमा पुग्ने गरेको छ । किसानले अघिल्लो वर्ष हिउँदे आलु प्रतिकिलो ४० र बर्खे आलु प्रतिकिलो ५० रुपैयाँमा बिक्री गरे पनि यस वर्ष ३५ रुपैयाँमात्रै मूल्य पाएको ज्ञान केन्द्रले जनाएको छ । आलु लगाउने बेला लामो समय खडेरी पर्दा यसवर्ष उत्पादनमा थोरै गिरावट आएको हो ।

# जेनजीलाई गुटबन्दी र खुट्टा तानातान नगर्न शिक्षामन्त्री पुनको सुझाव

**काठमाडौं–** शिक्षामन्त्री महावीर पुनले जेनजीहरूलाई राष्ट्रिय हितको लागि गुटबन्दी र खुट्टा तानातान नगर्न सुझाव दिएका छन् ।

उनले सामाजिक सञ्जालमार्फत देश विकास र सार्वभौम सत्ताको रक्षाको लागि गुटबन्दी नगर्न जेनजीलाई ६ बुँदामा सुझाव दिएका हुन् ।

उनले भनेका छन्, '...मेरो अनुरोध जेन–जी सहित सम्पूर्ण राष्ट्रलाई माया गर्ने नेपालीहरुलाई अनुरोध छ। गुटबन्दी र खुट्टा तानातान गर्‍यो भने कसलाई फाईदा हुने रहेछ भन्ने कुरा तलको इतिहासको पाना बाट पनि सिकौं।'



गुटबन्दी खुट्टा तानातानले नेपाली जनताले १०४ वर्षसम्म निरकुंश राणातन्त्र बेहोर्नं परेको, राजतन्त्र हुँदा पनि गुटबन्दी भोग्नु परेको, २०१७–४६सम्म बहुदलहरूको गुटबन्दी ब्यहोर्नं परेको र ४६देखि ८२ सम्म पनि राजनैतिक पार्टीहरूबीच चरम आन्तरिक गुटबन्दी र खुट्टा तानातान रहेको भन्दै उनले इतिहासको पानाबाट पाठ सिकेर अगाडि बढ्न आग्रह गरेका छन् ।

'यो माथिको इतिहास हेरेर जेन–जीहरुले पाठ सिक्न अनुरोध छ। तपाईहरु भनेको एउटा निश्चित उमेरको युवाहरुको समूह हो।मातृभूमिको अस्तित्वको लागि म विनम्र अनुरोध गर्दछु की नेपालमा गुटबन्दी र खुट्टा तानातानको इतिहास नदोहर्‍याउनु होस्।' उनले भनेका छन् ।

# पाँचथरको फेमे खोलामा 'डाइभर्सन' निर्माण हुँदै



**पाँचथर –** पाँचथरको फिदिम–फालोट सडकअन्तर्गत फेमे खोलामा अस्थायी डाइभर्सनमार्फत यातायात सुचारु गर्न लागिएको छ । यहाँ पूर्वाधार विकास कार्यालय पाँचथरले धमाधम डाइभर्सन निर्माणको काम गरिरहेको छ ।

गत असोज १८ गते आएको बाढीले डाइभर्सन बगाएपछि सडक अवरुद्ध रहेको छ । फिदिम नगरपालिका–१ र ११ को सीमामा पर्ने फेमे खोलामा २० वटा ह्युम पाइपमार्फत डाइभर्सन निर्माण भइरहेको हो । डाइभर्सन र पहुँच मार्ग निर्माणको काम सोमबारसम्ममा सम्पन्न गर्ने योजना रहेको पूर्वाधार विकास कार्यालय पाँचथरका इञ्जीनीयर मुकेश शाहले जानकारी दिए ।

यस सडकले फिदिम नगरपालिका १० देखि १३ नम्बर वडा तथा फालेलुङ गाउँपालिका–३ देखि ८ लाई सदरमुकामसम्म जोड्छ । फेमे खोलामा सडक अवरुद्ध भएपछि खोलाको वारिपारी रहेका सवारीसाधनले यात्रुलाई गन्तव्यसम्म पुर्‍याउँदै आएका छन् । यात्रुले करिब १५ मिनेट पैदलयात्रा गरेर खोला पार गर्दै आएका छन् ।

गत बिहीबारदेखि डाइभर्सन र पहुँच मार्ग निर्माणको काम भइरहेको छ । गत वर्षको असोज १२ गते आएको बाढीले यहाँ रहेको सडक पुल बगाएको थियो । सडक पुल बगेपछि यहाँ अस्थायी डाइभर्सनबाट यातायात सञ्चालन हुँदै आएकोमा गत जेठमा स्थायी डाइभर्सन निर्माण गरिएको थियो ।

उक्त स्थायी डाइभर्सन असोज १८ गतेको बाढीले बगाएको हो । यहाँ बेलिब्रिज जडानको प्रक्रिया अघि बढे पनि बजेट अभावका कारण काम हुन सकेको छैन । बाढीले डाइभर्सन बगाएपछि यात्रुहरु आवतजावत गर्नका लागि नेपाली सेनाको फिदिमस्थित वीरदल गणले फड्के निर्माण गरेको छ । तर, सामग्री ढुवानी तथा स्थानीय उत्पादनको निकासी, बिरामी तथा असक्तलाई खोला पार गराउन समस्या पर्ने गरेको फिदिम–११ का लोकबहादुर बुढाथोकीको भनाइ छ ।

## जेनेभा जाँदै राष्ट्रियसभा अध्यक्ष दाहाल

**काठमाडौं–** राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल अन्तर–व्यवस्थापिका मञ्चको १५१ औं भेलामा भाग लिन असोज ३१ गते जेनेभा जाने भएका छन् ।

आइतबार अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीसँग भेट गरेपछि न्युज एजेन्सी नेपालसँग कुरा गर्दै अध्यक्ष दाहालले प्रधानमन्त्रीसँगको भेट नियमित भएको र आफू संघीय संसदको नेतृत्व गर्दै जेनेभा जान लागेको जानकारी गराएको बताएका हुन् । यस वर्षको अन्तर–व्यवस्थापिका मञ्चको भेलाको मुख्य विषयवस्तु ' मानवीय मान्यताहरू कायम राख्ने र संकटको समयमा मानवीय कार्यलाई समर्थन गर्ने' रहेको उनले जानकारी दिए ।

अध्यक्ष दाहालले भने, 'यो नियमित जस्तै पनि हो। मैले दुई–तीन पटक भेटिसकेको छु। असोज ३१ गते म जेनेभा जाँदैछु। अन्तर–व्यवस्थापिका मञ्चको १५१ औं भेला छ। त्यो भेलामा संघीय संसदको तर्फबाट म सहभागी हुन जाँदैछु। त्यसको बारेमा रिपोर्टिङ गर्नं थियो ।'

## खेलकुद

# नेपालले युएइलाइ १ रनले पराजित गर्‍यो




**काठमाडौं–** नेपाल र यूएईबीचको क्रिकेट भिडन्तलाई एसोसिएट्स क्रिकेटमा 'एल क्लासिको' भन्ने गरिएको छ । आज भएको विश्वकप छनोट अन्तरगतको सुपर सिक्सको खेल साँच्चै एल क्लासिको सावित भयो । हारतर्फ सोझिएको नेपालले अविश्वसनीय पुनरागमन गर्दै युएईलाई एक रनले स्तब्ध पारेको छ । नेपालले कार्डियाक किड्सको छविलाई कायम राख्दै फ्यानहरुलाई अन्तिममा खुशी दिन सफल भयो । यसका लागि अन्तिम बलसम्म पर्खिनुपर्‍यो ।

नेपालले आज ब्याटिङमा निकै संघर्ष गर्नंपरेको थियो । कठिन पिचमा नेपाली ब्याटरहरुले मिहिनेतपूर्वक १४० रनको औसत स्कोर खडा गरे । आसिफशेखले अर्धसतक बनाए पनि गुल्शन झाले ५ बलमा १४ रन नेपाललाई कमजोर स्कोरबाट जोगाए ।

दोस्रो इनिङमा पनि उत्कृष्ट सुरुवात गर्दै दोस्रो ओभरमा नै नेपालले युएईका कप्तान मोहम्मद वसिमको विकेट लिन सफल भयो । दोस्रो ओभरको पाचौंमा सोमपाल कामीलाई ठूलो सट हान्न खोज्दा यूएईका खतरनाक ओपनर क्याचआउट हुन पुगे, जतिबेला यूएईको खातामा २ रन मात्रै जोडिएको थियो । त्यसपछि भने यूएईले खेलमा प्रभुत्व बनायो ।

ओपनर जोनाथन फिगी र अलिसान सराफुले ८१ रनको साझेदारी गर्दै नेपाली दर्शकलाई निराश बनाए । यूएईले ११.१ ओभरमा १ विकेट मात्रै गुमाउँदा ८३ रन बटुलिसकेको थियो । तर, त्यसपछि दिपेन्द्रले उत्कृष्ट बलिङ र फिल्डिङ गर्दै नेपाललाई खेलमा फर्काए । ११.२ ओभरमा उनले फिगीलाई क्याचआउट गराए भने १३.१ ओभरमा आलिसान सराफुलाई बोल्ड गरिदिए । विष्फोटक ब्याटिङ गर्दै अर्धसतक बनाएका सरफु आउट भएपछि नेपाली दर्शकको सास आएको थियो ।

त्यसपछि यूएईले धमाधम विकेट गुमाउन थाल्यो भने रन रेट घट्दै गयो । अन्तिम ओभरमा आइपुग्दा युएईलाई जितका लागि १० रन चाहिएको थियो भने हातमा थिए चार विकेट । यूएईको पल्लाभारी देखिन्थ्यो । नेपालका कप्तान रोहित पौडेलले दिपेन्द्रलाई बल थमाए । त्यसपछिका ६ बल सनसनीपूर्ण थिए ।

पहिलो र दोस्रो बल कसिलो फ्याँकेका दिपेन्द्रले एक रन मात्रै खाए। तेस्रोमा यूएईका ध्रुव परासरले छक्का हान्दै नेपाललाई ठूलो झट्का दिए । त्यसपछि तीन बलमा तीन रन मात्रै चाहियो । चौंथो बलमा परासर अर्को ठूलो सट खेल्न खोज्दा आउट भए ।

पाचौं बल यूएईका लागि दुर्भाग्य बन्यो । हेदर अलि एक रनका लागि दौडिएपछि दुई रन लिने क्रममा उनको हातबाट ब्याट खस्यो । ब्याट नटिपिकन उनले हातले नै बाउन्ड्रीमा छुने प्रयास गरे र अर्को रनका लागि दौडिए । तर, उनको औंलाले बाउन्ड्री छोएको थिएन । उनी अर्को इन्डमा पनि पुग्न सकेनन् र रनआउट भए । औंलो बाउन्ड्रीमा नछोएकाले गर्दा एक रन पनि काउन्ट भएन । यदि यो रन काउन्ट भएको भए सायद खेल बराबरी हुन सक्थ्यो ।

अन्तिम बलमा यूएईलाई जितका लागि दुई रन चाहिएको थियो । एक रन आउँदा म्याच बराबरी हुन्थ्यो । तर, नेपालले उत्कृष्ट फिल्डिङ गर्दै यूएईका ब्याटरलाई रन आउट गर्‍यो । सन्दीप जोराको उत्कृष्ट थ्रोमा जाहिद अली रनआउट भएपछि यूएईले एक रन पनि लिन सकेन । नेपाली क्याम्पमा खुशी छायो ।

# जनकपुर बोल्ट्सको मुख्य प्रशिक्षकमा शिवनारायण चन्द्रपाल नियुक्त




**काठमाडौं–** च्याम्पियन जनकपुर बोल्ट्सले वेस्ट इन्डिजका महान ब्याटिङ हस्ती शिवनारायण चन्द्रपाललाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको छ ।चन्द्रपालको नियुक्तिले नेपाल क्रिकेट लिग (एनपीएपल) मा आफूले बनाएको लिगेसीलाई निरन्तरता दिने अपेक्षा बोल्ट्स परिवारले लिएको छ ।

चन्द्रपालले वेस्ट इन्डिजबाट १६४ टेस्ट र २६८ एकदिवसीय अन्तर्राष्ट्रिय खेलेका छन् । आफ्नो २१ वर्षे अन्तर्राष्ट्रिय खेल जीवनमा चन्द्रपालले २० हजार भन्दा बढि रन बनाए ।

उनीसँग क्यारेबियन प्रिमियर लिग (सीपीएल) भाइटालिटी ब्लास्ट, बंगलादेश प्रिमियर लिग, च्याम्पियन्स लिग टी–२० र इन्डियन प्रिमियर लिगमा खेलेको अनुभव छ । उनले खेलाडीको रुपमा काउन्टी क्रिकेटमा पनि लामो समय बिताए ।

२०२२ मा ५१ वर्षे चन्द्रपाल सीपीएलको फ्रेन्चाइज टोली जमैका तलवाहजको प्रशिक्षक बने । सोहि वर्ष उनी अमेरिका महिला राष्ट्रिय क्रिकेट टोलीको पनि प्रशिक्षक बनेका थिए । मंसिर १ गते देखि सुरु हुने एनपीएलमा जनकपुर डिफेन्डिङ च्याम्पियनको रुपमा चन्द्रपालको प्रशिक्षणमा कीर्तिपुर मैदानमा उत्रने छन् ।

'जनकपुर बोल्ट्सले मुख्य प्रशिक्षक शिवनारायण चन्द्रपालसँग दीर्घकालीन सम्झौता गरेको छ । हामी विश्व क्रिकेटका तीव्र गतिमा बढ्दै गइरहेका लिगहरूमध्ये एकमा आफ्नो विरासतलाई अझ अगाडि लैजान प्रतिबद्ध छौं,' जनकपुर बोल्ट्सका प्रवन्ध निर्देशक निरोज खतिवडाले भनेका छन्, ' उहाँको उपस्थितिले हाम्रो प्रशिक्षक टोलीलाई स्थायित्व दिनुका साथै स्वदेशी जनशक्तिलाई सिक्न र बढ्न प्रेरित गर्नेछ ।

खेलका महान् दिग्गजका रूपमा उहाँले नयाँ विचार, रणनीति र दृष्टिकोण ल्याई बोल्ट्सलाई फेरि पनि विजेता बनाउने यात्रालाई बल दिने विश्वास छ ।' जनकपुर बोल्ट्सले गत वर्ष एनपीएलको पहिलो संस्करणमा च्याम्पियन बनाउने प्रशिक्षक पुबुदु दासानायकेलाई धन्यबाद दिएको छ । दासानायके हाल अमेरिकाको राष्ट्रिय टोलीका प्रशिक्षक छन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- १२,
२०८२ साल असोज २८ गते मंगलबार
14 OCTOBER 2025, TUESDAY

# शुक्लाफाँटामा आधुनिक फोहर व्यवस्थापन केन्द्र सञ्चालनमा



**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिकामा आधुनिक एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आएको छ ।

बजार तथा ग्रामीण क्षेत्रमा उत्सर्जन हुने फोहरमैला संकलन गरेर केन्द्रमा ल्याइन्छ । केन्द्रमा रहेका सफाइकर्मीले कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्याएर राख्छन् ।

केन्द्रमा संकलित फोहरलाई वर्गीकरण गरेपछि कुहिने फोहरबाट कम्पोस्ट मल उत्पादन गरिन्छ भने पुनःप्रयोग गर्न सकिने फोहरलाई कबाडीमा बिक्री गरिन्छ ।

३० करोड २५ लाख रुपैयाँ लगानीमा निर्माण भएको फोहर व्यवस्थापन केन्द्र तीन दशमलव नौ हेक्टर क्षेत्रफलमा फैलिएको छ । करिब छ मेट्रिकटन क्षमता भएको केन्द्रमा अहिले दैनिक दुईदेखि तीन मेट्रिकटन मात्रै फोहर संकलन भइरहेको एकीकृत फोहर व्यवस्थापन केन्द्रका इन्जिनियर जयन्त भट्टले जानकारी दिए ।

'यो फोहरमैला व्यवस्थापन मात्रै नभएर प्रशोधन केन्द्र पनि हो, बजारबाट आउने विभिन्न फोहरलाई यहाँ वर्गीकरण गरिन्छ,' भट्टले भने, 'थोरैभन्दा थोरै फोहर सेलमा राखेर माटोले पुरिन्छ यसले वातावरणलाई असर गर्दैन ।'

बिहान फोहर संकलक गाडी नगरको सहरी र ग्रामीण क्षेत्रमा डुलेर फोहर संकलन गरेर ल्याउने उनले बताए । केन्द्रमा कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्याएर राखिने र कुहिने फोहरबाट 'कम्पोष्ट' मल तयार गरेर बिक्री गरिने योजना रहेको इन्जिनियर भट्टले बताए । यसले वातावरण स्वच्छ राख्न र फोहरमैलाको उचित व्यवस्थापनमा मात्रै नभई स्थानीयमा रोजगारीको अवसर पनि सिर्जना गरेको छ ।

निर्माणको काम सम्पन्न भएपछि गत भदौदेखि फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा ल्याइएको निर्माण कम्पन्नी रमन केएस जेभीका साइट इञ्चार्ज उद्धवसिंह साउदले जानकारी दिए ।

'हरेक दिन बिहान हामीले बजारबाट फोहर सङ्कलन गर्छौं, यहाँ 'रिसाइकल' हुन्छ,' उनले भने, 'चाहिने फोहर छुट्याएर राख्छौं, काम नलाग्ने फोहर सेलमा जम्मा गरिन्छ ।'

फोहरमैला व्यवस्थापन केन्द्रमा १० वटा फोहर संकलन गर्ने साधन छन् । आठ जना सरसफाइ कर्मचारी राखिएको छ । एसियाली विकास बैंक (एडीबी) को आर्थिक सहयोगमा एकीकृत फोहोर मैला व्यवस्थापन केन्द्र निर्माण भएको हो । रमन केएस जेभी धनगढीसँग २०७९ वैशाख २५ मा निर्माण सम्झौता भएको थियो । फोहरमैला व्यवस्थापन केन्द्रको क्षमता छ मेट्रिक टन रहेको भए पनि अहिले दैनिक क्षमताको आधा मात्रै फोहर संकलन भइरहेको छ ।

शुक्लाफाँटामा सञ्चालनमा आएको एकीकृत फोहर व्यवस्थापन केन्द्र कञ्चनपुरको पहिलो हो । यस्तै, फोहर व्यवस्थापन केन्द्र भीमदत्तमा पनि निर्माण गर्ने तयारी भए पनि त्यसका लागि स्थान नपाउँदा परियोजना फिर्ता भएको छ । स्थानीयले फोहर व्यवस्थापन केन्द्र निर्माण गर्दा त्यसले वातावरण प्रदूषित हुने भन्दै विरोध गरेपछि परियोजना फिर्ता भएको हो ।

फोहरमैला व्यवस्थापन केन्द्रमा कुहिने फोहरबाट मलखाद बनाइने र नकुहिने तर पुनःप्रयोग गर्न सकिने वस्तु प्रशोधन गरिने भएकाले यो वातावरणीय प्रदूषण न्यूनीकरण गर्न र स्थानीयस्तरमा आम्दानीको स्रोतसमेत बनेको छ ।

## अन्तराष्ट्रिय

# ट्रम्पले चीनविरुद्ध फेरि थपे एक सय प्रतिशत ट्यारिफ



**काठमाडौं–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनमाथि एक सय प्रतिशत ट्यारिफ लगाउने घोषणा गरेका छन् । चीनबाट अमेरिका आउने सामानमा पहिलेदेखि नै ३० प्रतिशत ट्यारिफ थियो ।

अब नयाँ थपिएकोसहित चीनबाट अमेरिका निर्यात हुने सामानहरुमा १३० प्रतिशत कर लाग्नेछ । ट्रम्पले शुक्रबार नयाँ कर शुल्क १ नोभेम्बरदेखि लागू हुने जानकारी दिएका छन् ।

नोभेम्बर १ देखि सबै महत्त्वपूर्ण सफ्टवेयरको निर्यातलाई नियन्त्रण गर्नेसमेत कुरा गरेका छन् । उनले आफ्नो सामाजिक सञ्जाल ट्रुथ सोशलमा लेखेका छन्, 'यस विश्वका करिब हरेक देशका लागि समस्या उत्पन्न गर्नेछ ।' चीनले ९ अक्टुबरमा दुर्लभ खनिज (रेयल अर्थ मेटिरियल)मा निर्यात थप कडा गरेको थियो । जसको जवाफमा ट्रम्पले नयाँ कर थपेका हुन् ।

चीनको उक्त नीति अन्तर्गत चिनियाँ खनिज या प्रविधि प्रयोग गर्ने विदेशी कम्पनीलाई लाइसेन्स लिनुपर्नेछ । चीनले कुनै विदेशी सेनासँग जोडिएको कम्पनीलाई यस्तो प्रकारको लाइसेन्समेत नदिने बताएको छ ।

# रौतहटमा पानीमा डुबेर ३ बालिकाको मृत्यु, ४ जनाको उद्धार

**रौतहट–** रौतहटको गौर नगरपालिकामा पानीमा डुबेर ३ बालिकाको मृत्यु भएको छ ।

गौर-१ मा रहेको सीमा क्षेत्र नजिक बाढीको पानीमा डुबेर राजदेवी नगरपालिका-८ कि १३ वर्षिया आस्था कुमारी बैठा, १५ वर्षिया रागनी यादव र मौसमी बैठाको मृत्यु भएको हो ।

सात जनाको समूहमा गौरतर्फ घाँस लिन आउँदै गर्दा उनीहरु बाढीको पानीमा डुबेका थिए । डुबेका मध्ये ४ जनाको स्थानीयले उद्धार गरेका थिए भने तीन जनाको शव निकालिएको छ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले खोजी गर्ने क्रममा ३ जना बालिकाको शव भेटिएको हो । तीनै जना बालिकाको शव प्रादेशिक अस्पताल गौरमा राखिएको छ ।

# राष्ट्रिय सभाको निर्वाचन आगामी माघ ११ गते गर्ने तयारी



**काठमाडौं–** राष्ट्रिय सभाको निर्वाचन माघ ११ गते गर्ने तयारी अगाडि बढेको छ । राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले गत शुक्रबार निर्वाचन आयोगका आयुक्तहरूसँग छलफल गरेका थिए । त्यसबेला आयोगका आयुक्तहरूले राष्ट्रिय सभाको निर्वाचन आगामी माघ ११ गते गर्ने तयारी रहेको जानकारी गराएका थिए ।

प्रधानमन्त्री सुशीला कार्कीले पनि निर्वाचन आयोगका आयुक्तहरूसँग यही असोज २१ गते छलफल गरेकी थिइन् । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलमा आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी र निर्वाचन आयुक्त डा.जानकीदेवी तुलाधर र सगुन शमशेर जबरा उपस्थित थिए ।

आइतबार प्रधानमन्त्री कार्की र राष्ट्रिय सभा अध्यक्ष दाहालबीच नै छलफल भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको भेटमा राष्ट्रिय सभा निर्वाचनको तयारीको विषयमा छलफल भएको थियो । जहाँ अध्यक्ष दाहालले निर्वाचन आयोगका आयुक्तसँगको भेटबारे पनि जानकारी गराएका थिए । '२ दिन अगाडि मैले निर्वाचन आयुक्तलाई बोलाएको थिएँ । कुराकानी, छलफल गरियो । निर्वाचन आयोगले आगामी माघ ११ गते निर्वाचन गर्ने भनेको छ । उनीहरुले आफ्नो कार्यतालिका भित्र राखिसके । अब सरकारसँग समन्वय गरेर, तपाईंसँग समन्वय गरेर अघि बढ्ने भन्नेसम्मको कुरा भएको छ' अध्यक्ष दाहालले प्रधानमन्त्री कार्कीसमक्ष राखेका छन् ।

आगामी फागुन २० गते कार्यकाल सकिएर १९ जना राष्ट्रिय सभा सदस्यहरू बिदा हुँदैछन् । कार्यकाल सकिनुभन्दा ३५ दिन अगावै निर्वाचन गरिसक्नुपर्ने कानुनी व्यवस्था छ । यसकारण माघ दोस्रो साताभित्र निर्वाचन गरिसक्नुपर्ने बाध्यतामा निर्वाचन आयोग छ ।

अध्यक्ष दाहालका अनुसार राष्ट्रिय सभाको निर्वाचन समयमै गर्ने कुरामा प्रधानमन्त्री कार्की सकारात्मक छन् । दाहालका अनुसार प्रधानमन्त्री कार्कीले निर्वाचनमा जेनजीको सहभागिता गराउने विषयमा चासो राखेकी थिइन् ।

राष्ट्रिय सभा निर्वाचनमा स्थानीय तहका प्रमुख र उपप्रमुख तथा प्रदेश सभा सदस्य मतदाता हुन्छन् । यो व्यवस्थामा जेनजीले मतदान गर्न पाउने भन्ने छैन । अध्यक्ष दाहालले निर्वाचनको मतदाताबारे राजनीतिक दलहरूसँग छलफल गर्न सकिने सुझाव दिएका छन् । 'चुनाव गराउने कुरामा उहाँ (प्रधानमन्त्री) पोजेटिभ नै हुनुभयो । उहाँले निर्वाचन गर्ने हो', दाहालले भनेका छन्, 'जेनजी ल्याउने सन्दर्भका कुरा पनि भए । जेनजीको पनि जल्दोबल्दो कुरा छ ।'

भोट हाल्ने स्थानीय तहका प्रमुख र उपप्रमुख अनि प्रदेश सभाका सांसदहरू भएकाले थप छलफल राजनीतिक दलहरूसँग कुरा गर्न सकिने सुझाव दिएको दाहालले बताए ।

'अब राजनीतिक सहमति गर्न सकियो भने हुन्छ भन्नेसम्मको सुझाव मैले दिँए । त्यसका लागि सरकारले राजनीतिक सहमति गर्नुपर्‍यो दलहरुसँग । किनभने भोटर नै चेन्ज गर्न त सकिँदैन', दाहालले भनेका छन्, 'यो बारेमा पनि अलिकति कुरा भयो ।'

निर्वाचनमा जाने र ठूलो अप्ठ्यारो पनि नरहेको उल्लेख गर्दै उनले असुरक्षाको विषय नरहेको बताए । 'सात वटा प्रदेशमा गर्ने कुरा भएको हुनाले निर्वाचन गर्ने भन्नेकुरा भयो', अध्यक्ष दाहालले भने । आगामी फागुन २० मा कार्यकाल सकिएर १९ जना राष्ट्रिय सभा सदस्यहरू बिदा हुँदैछन् । त्यसमध्ये १८ पदका लागि निर्वाचन हुनेछ भने एक जना राष्ट्रपतिबाट मनोनीत सांसद बामदेव गौतमको कार्यकाल सकिंदैछ । राष्ट्रपतिबाट मनोनीत सांसदको कार्यकाल सकिएपछि राष्ट्रपतिले अर्को सदस्य मनोनीत गर्छन् । बाँकी रिक्त हुने १८ स्थानका लागि चुनाव गर्ने प्रधानमन्त्री कार्कीले राष्ट्रिय सभाकै अध्यक्ष दाहालसँग छलफल गरेका हुन् ।

आगामी फागुनमा कार्यकाल सकिएर बिदा हुने सांसदहरूमा एमालेका ८, माओवादी केन्द्रका ७, एकीकृत समाजवादीका १, जनता समाजवादी पार्टी नेपालका १, लोकतान्त्रिक समाजवादी पार्टीका १ र मनोनीत १ सांसद छन् । आगामी फागुनमा बिदा हुने एमालेका सांसदहरूमा इन्दिरा देवी गौतम, गोपाल भट्टराई, तुलसाकुमारी दाहाल, देवेन्द्र दाहाल, भगवती न्यौपाने, विमला घिमिरे, शारदा देवी भट्ट र सुमित्रा बीसी छन् ।

बिदा हुने माओवादी सांसदहरूको संख्या ७ छ । जसमा गोपीबहादुर सार्की अछामी, गंगाकुमारी बेलवासे, जगप्रसाद शर्मा, तारामान स्वाँर, नारायणकाजी श्रेष्ठ, मायाप्रसाद शर्मा र राधेश्याम पासवान छन् ।

एकीकृत समाजवादीका बेदुराम भुसाल, जनता समाजवादी पार्टी नेपालका मृगेन्द्रकुमार सिंह यादव र लोकतान्त्रिक समाजवादी पार्टीका शेखरकुमार सिंहको कार्यकाल पनि आगामी फागुनमा सकिनेछ ।

**कृक्रेटमा...**

अन्तराष्ट्रियस्तरमा गरिरहेको राम्रो प्रदर्शन र नेपाले कृत्रेटको लागि गरिरहेको कामले आउदा दिनमा नेपालमा खेलकुद पर्यटनको विकास गर्न सकिने आधार तयार हुदै गएको छ । यसलाई अझै अध्ययन गरेर जसरी अहिले दुवैले कृत्रेट खेलको अन्तराष्ट्रिय प्रतियोगिताहरु सञ्चालन गरेर मनग्यै आम्दानी गरिरहेको छ । त्यसैगरी नेपालले पनि अन्तराष्ट्रिय खेलहरु आयोजना गरेर नेपाललाई खेलकुद पर्यटनवाट अर्थतन्त्रको विकास गर्न सक्छ आधार बन्दै गएको छ ।

**विपिन जोशी...**

बनाएको एक महिनापछि (सन् २०२३ नोभेम्बर १७) विपिन गाजा क्षेत्रको अल शिफा अस्पतालमा देखिएका थिए । ३३ सेकेन्ड लामो उक्त भिडियोमा अन्तिमपल्ट देखिएका विपिन आज सोमबार जीवित नरहेको जानकारी इजरायली अधिकारीहरूले दिएका थिए । यसबीचमा विपिनलाई प्यालेस्टाइनी कट्टरपन्थी समूह हमासको कब्जाबाट सकुशल रिहाइका लागि नेपाल सरकारका तर्फबाट भरपुर प्रयास भएको थियो । तथापि, विपिनलाई सकुशल स्वदेश फिर्ता ल्याउने प्रयास सफल भएन । हमासको आक्रमणमा परेका मृतकको शव र घाइतेको उद्धार तथा स्वदेश फर्किन चाहने नेपाली नागरिक ल्याउन तत्कालीन परराष्ट्रमन्त्री एनपी साउद १२ अक्टोबर २०२३ मा इजरायलको तेल अभिभ पुगेका थिए । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पनि सन् २०२३ नोभेम्बर २५ (२०८० मंसिर ९) मा नेपाल भ्रमणमा रहेका कतारका विदेश राज्यमन्त्री सुल्तान बिन साद अल-मुरैखीसँगको भेटमा विपिनको रिहाइका लागि पहल गरिदिन आग्रह गरेका थिए । बुबा महानन्द जोशी र आमा पद्मा जोशीले छिटो उद्धार गरिदिन आग्रह पनि गरेका थिए । प्रचण्डले विपिनको सकुशल रिहाइका लागि अधिकतम कूटनीतिक पहल जारी राखेको बताएका थिए । विपिन बन्धक बनाइएको ४३औं दिन (२ मंसिर २०८०) मा बुबाआमाले गृहजिल्ला भ्रमणमा रहेका तत्कालीन परराष्ट्रमन्त्री साउदसित कञ्चनपुर सदरमुकाम महेन्द्रनगरमा भेटेर छोराको रिहाइका लागि पहल गरिदिन आग्रह गरेका थिए ।

विपिनको रिहाइका लागि राष्ट्रपति रामचन्द्र पौडेलले पनि पहल गरेका थिए । उनले ११ वैशाख २०८१ मा कतारका अमिर शेख तमिम विन हमाद अल थानीसँगको भेटमा विपिनको रिहाइका लागि आग्रह गरेका थिए । राष्ट्रपति पौडेलको निमन्त्रणामा उनी दुई दिने राजकीय भ्रमणमा नेपाल आएका थिए । साथै विपिनका आमाले इजरायली राष्ट्रपतिसँग विपिनकी छोराको शीघ्र रिहाइका लागि पहल गरिदिन आग्रह गरेकी थिइन् ।

बहिनी पुष्पाले पनि राष्ट्रपति हर्जोगसँग आफ्नो दाइ विद्यार्थीका रूपमा आएको र निदोष भएको भन्दै हमासको बन्धकबाट मुक्त गराउन अपिल गरेकी थिइन् । राजदूत पण्डितले पनि राष्ट्रपतिसमक्ष विभिन्न तवरबाट पहल गरेर विपिनको स्थितिबारे जानकारी गराउन अनुरोध गरेका थिए । जवाफमा इजरायली राष्ट्रपति हर्जोगले विपिनको रिहाइका लागि कोसिस भइरहेको जानकारी गराएका थिए ।

# अभिनव साहित्य समाजको २८४ औं कार्यक्रम सम्पन्न




**काठमाडौं–** हरेक महिनाको अन्तिम शनिबार विभिन्न साहित्यिक गतिविधि संचालन गर्दै आएको अभिनव साहित्य समाजको २८४ औं शृङ्खला राजधानीमा सम्पन्न भएको छ ।

शनिवार समाजले राजधानीमा एक कार्यक्रम गरी अभिनव कमला संघर्षशील नारी सम्मान २०८२ पुराणवाचिकाद्वय गार्गी चौलागाईँ 'शाकम्भरी' र सरस्वती चौलागाईँ 'शाम्भवी' लाई संयुक्त रूपमा अर्पण गरेको छ । २५ हजार रुपैया राशी सहितको यो सम्मान कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ साहित्यिक पत्रकार रोचक घिमिरे, विशेष अतिथिहरू गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपक रिसाल, उपप्रमुख सान्नानी लामा, अभिनव साहित्य समाजका अध्यक्ष गोविन्द घिमिरे 'वेदमणि' लगायतले प्रदान गर्नं भएको हो । समाजका अध्यक्ष 'वेदमणि' ले सम्मानित व्यक्तित्वद्वयको विषयमा जानकारी गराउँदै समाजका सत्पात्रहरूले सिङ्गो मुलुकलाई सही दिशानिर्देश गर्ने ल्याकत राख्ने टिप्पणी गर्नंभयो । सोही अवसरमा अभिनव साहित्य समाजका उपाध्यक्ष विमल अर्यालद्वारा लिखित 'अन्तर्मनका तरङ्ग' नामक कथा सङ्ग्रहको लोकार्पण गरिएको थियो । सङ्ग्रहमा साहित्यकार अर्यालले २०३८ सालबाट लेख्न थाल्नु भएका समसामयिक परिवेशका विभिन्न ५१ वटा कथा सङ्ग्रहित छन् । लोकार्पित कृतिको समीक्षा गर्दै साहित्यकार रमेश प्रसाद खनालले अर्यालका कथाहरूमा समग्र नेपाली समाज तथा देशको सजीव चित्र पाइने धारणा राख्नुभयो । लामो समयदेखि विभिन्न साहित्यिक तथा सामाजिक संघ संस्थाहरूमा आबद्ध अर्यालका 'समृद्धि' संयुक्त मुक्तक सङ्ग्रह (२०७९) र 'आवरण' कविता सङ्ग्रह (२०८१) प्रकाशित भइसकेका छन् । कार्यक्रममा उपस्थित स्रष्टाहरूले मुलुकको समसामयिक सहित अन्य विषयमा केन्द्रीत रही कविता तथा मुक्तकहरू प्रस्तुत गर्नं भएको थियो ।

# विजय लामा 'बलिदान' फिल्मबाट प्रभावित



**काठमाडौं–** अभिनेता तथा नेपाल एयरलाइन्सका सिनियर क्याप्टेन विजय लामाले फिल्म 'बलिदान'बाट आफू गहिरो रूपमा प्रभावित भएको बताएका छन् ।

सोमबार ललितपुरको लबिम मलस्थित क्यूएफएक्स हलमा फिल्म हेरेपछि उनले यसको मेकिङ र प्रस्तुतिको खुलेर प्रशंसा गरेका हुन् । 'बलिदान'ले नेपाली फिल्म उद्योगको स्तरलाई नै नयाँ उचाइमा पुऱ्याएको उनले बताए ।

उनले भने, 'मैले 'बलिदान'मा ठूलै बलिदानी पाएँ । यो फिल्मसँग आबद्ध सबैको ठूलो योगदान देखेँ । यो फरक स्तरको फिल्म हो । नेपाली फिल्मको स्तर बढ्दै गएको छ भन्ने प्रमाण 'बलिदान' हो ।' नेपाली फिल्मलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउने आफ्नो सपना 'बलिदान'बाट पूरा हुनेमा पनि उनी विश्वस्त देखिए । उनले 'बलिदान'का निर्देशक सन्तोष सेनको कामको प्रशंसा गर्दै अगाडि भने, 'मेरो समयमा सन्तोष सेन आइदिएका भए म पनि समीर भट्टजस्तै एक्सन अभिनय गरिरहेको हुन्थेँ होला ।' उनले नेपाली फिल्म क्षेत्रमा अब समीरले अधिपत्य जमाउने दाबी समेत गरेका छन् । समीरको एक्सन र अभिनय कला अद्भूत रहेको उनको भनाइ छ ।

# पर्वतबाट सुरू 'ककाकिकी'को छायांकन



**काठमाडौं-** चर्चित कमेडी शो 'कमेडी दरबार'को समूहले पहिलो पटक निर्माण गर्न लागेको फिल्म 'ककाकिकी'को छायांकन सुरु भएको छ ।

बिहीबार पर्वतको भूकदेउरालीबाट फिल्मको छायांकन सुरू गरिएको हो । ३५ दिनको तालिका रहेको यस चलचित्रको छायांकन २० दिन पर्वतमा र १५ दिन काठमाडौंमा हुने जनाइएको छ । बिक्की अग्रवाल र श्रद्धा प्रसाईंको निर्देशनमा बन्ने यो फिल्मको छायांकनमा तृप्ति नाडकर, रेखा थापा, दीया मास्के, शुभास गजुरेल, महेश त्रिपाठी, सुवर्ण थापा लगायतका कलाकारहरू जोडिसकेका छन । 'ककाकिकी'को कथा तथा संवाद निर्देशक बिक्कीले विकास अर्याल र सरोज भण्डारीसँग मिलेर तयार पारेका हुन् भने पटकथा उनी स्वयंको हो । यसमा विश्वास तिमल्सिना स्क्रिप्ट डाक्टरको रूपमा रहेका छन् । अनिश बुढाथोकी सहायक निर्देशन रहेको फिल्मलाई सुदिप बरालले छायांकन गर्नेछन ।

निर्माण टिमले गत साउनमा एक पोस्टर सार्वजनिक गर्दै फिल्मको निर्माण घोषणा गरेको थियो । पोस्टरमा बुढ्यौली गेटअपमा प्रस्तुत भएका तृप्ति र गौरी रेखासँग लडिरहेको अवस्थामा देखिएका थिए । महेश भने तनावग्रस्त भावमा चित्रित थिए । पोस्टरले फिल्म कमेडी जनरामा बन्ने प्रष्ट संकेत गर्छ । श्रद्धा प्रसाईं र सुमित्रा थापा फिल्मको निर्मातामा छन् ।

# 'कबड्डी ५'को छायांकन सुरू, विपिन र रिश्माको प्रवेश



काठमाडौं- चर्चित फ्रेन्चाइज फिल्म 'कबड्डी'को अब पाँचौं श्रृंखला निर्माण हुँदैछ । चौथो भागलाई नै अन्तिम श्रृंखला भनिए पनि निर्माण पक्षले नयाँ कथामा 'कबड्डी ५' बनाउन लागेको हो । सोमबारबाट यो फिल्मको छायांकन सुरू गरिएको छ । मुस्ताङ जिल्लाको प्रसिद्ध धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिरमा स्क्रिप्ट र क्यामेरा पूजा गरेपछि लार्जुङ बस्तीमा पहिलो दृश्य खिचियो ।

फिल्ममा 'कबड्डी' श्रृंखलाकै धेरैजसो कलाकार दोहोरिएका छन् भने नयाँ अनुहारको पनि प्रवेश भएको छ । चौथौ श्रृंखलामा जोडी भएर काम गरेका दयाहाङ राई र मिरुना मगरसहित विजय बराल, बुद्धि तामाङ, कमलमणि नेपाल, अरुणा कार्की, शिशिर वाङ्देल लगायतको अभिनय रहने यो फिल्मबाट पूर्वमिस यूके नेपाल सिर्जना गुरुङले डेब्यु गर्दैछिन् । यस फिल्ममा दर्शकले अभिनेत्री रिश्मा गुरुङ (मैयाँ)लाई पनि देख्न पाउनेछन् । 'कबड्डी'को पहिलो र दोस्रो श्रृंखलामा उनी मुख्य भूमिकामा थिइन् । तेस्रोमा केमियोमा सीमित भएकी उनी चौथो श्रृंखलामा भने अटेकी थिइनन् । उनले यसै साता फिल्मको छायांकन सुरू गर्ने जनाइएको छ । विगत तीन वर्षदेखि श्रीमानसँग अमेरिकामा बस्दै आएकी उनी भदौंयता भने नेपालमै छिन् ।

'कबड्डी ५'मा अभिनेता विपिन कार्कीको पनि मुख्य भूमिका रहने निर्माता मणिराम पोखरेलले जानकारी दिए । विपिन तिहारपछि मात्र फिल्मको छायांकनमा जोडिनेछन् । रामबाबु गुरुङको निर्देशनमा बन्ने फिल्मको छायांकन ७० प्रतिशत मुस्ताङमा र ३० प्रतिशत काठमाडौंमा हुनेछ । निर्देशक गुरुङ र उपेन्द्र सुब्बाको लेखन रहेको यो फिल्मको छायाँकारमा सञ्जय लामा छन् ।

# 'सोल्टिनी'को ट्रेलरमा अन्तरजातीय प्रेमकथा



**काठमाडौं-** आगामी कात्तिक ६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'सोल्टिनी'को ट्रेलर सार्वजनिक गरिएको छ । सोमबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गदै दर्शकमाझ ल्याइएको ट्रेलरले अन्तरजातीय प्रेममा आउने पारिवारिक र सामाजिक अवरोधको कथा पेश गरेको छ । ट्रेलरको केन्द्रमा फिल्मका मुख्य जोडी प्रकाश सपूत र परीक्षा लिम्बू छन् ।

ट्रेलर अनुसार प्रकाश र परीक्षा एकअर्काको प्रेममा छन् । तर, जातीय पृष्ठभूमि अलग हुँदा उनीहरूको सम्बन्ध संकटमा पर्छ । परिवारले परीक्षालाई अर्कै युवकसँग विवाह गर्न बाध्य बनाएपछि उनी परिवार र प्रेममा कुन रोज्ने भन्ने दोधारमा परेकी देखिन्छिन् । फिल्मले प्रेम र जातीय मूल्य मान्यताबीचको टकरावलाई केन्द्रीय द्वन्द्वको रूपमा प्रस्तुत गरेको ट्रेलरबाट बुझ्न सकिन्छ । अर्जुन सुवेदीले निर्देशनमा बनेको यो फिल्ममा प्रकाश र परीक्षासहित विल्सन विक्रम राई, सब्बु गुरुङ, रवीन्द्र झा, प्रकाश घिमिरे, प्रेम सुब्बा, कविता आले, सुन्दर धिताल, सुजन खतिवडा लगायतको अभिनय रहेको छ । प्लानेट थ्रीको ब्यानरमा निर्माण भएको फिल्मको कथा तथा पटकथा अर्जुन सुवेदी र कुमार भट्टराईले तयार पारेका हुन् ।

यो फिल्मको कार्यकारी निर्मातामा धरानका मेयर हर्क राई (साम्पाङ)ले नेतृत्व गरिरहेको 'हर्क साम्पाङ रिभोलुसन एन्ड द टिम' रहेको छ । रेजिना बिस्ट र संसार चौलागाईं निर्माता रहेको फिल्ममा सुसन प्रजापतिको छायांकन, निमेष श्रेष्ठको सम्पादन तथा प्रशान्त सिवाकोटी र हर्कुलस बस्नेतको संगीत छ । फिल्मले जातीय भेदभावविरूद्ध सशक्त आवाज उठाउने जनाइएको छ ।

# 'मुगलान' पुष १० मा आउने




**काठमाडौं-** २० वर्षअघिको 'कल्ट क्लासिक' फिल्म 'मुगलान'को शीर्षकमा फेरि एकपटक फिल्म निर्माण भएको छ । सोमबार यस फिल्मको फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै आगामी पुष १० गतलाई प्रदर्शन मिति घोषणा गरिएको छ । यो मितिमा अभिनेता प्रदीप खड्का अभिनीत फिल्म 'एक्लो' पनि प्रदर्शन हुने चर्चा छ । यद्यपि, यसको प्रदर्शन मिति घोषणा भइसकेको छैन ।

फिल्मको सार्वजनिक पोस्टरमा अभिनेता प्रभात पाल र अभिनेत्री स्मारिका ढकाल चित्रित छन् । प्रभात बाँसुरी बजाउन लागेको जस्तो देखिन्छन् भने स्मारिका हातमा पात लिएर लजालु मुद्रामा प्रस्तुत छिन् । यसले उनीहरूबीचको प्रेम सम्बन्धलाई झल्काउँछ । पोस्टरको पृष्ठभूमिमा देखिएको पहाडी भूगोल र रेलको दृश्यले फिल्ममा गाउँ-समाज र परदेशको कथा रहेको संकेत गर्छ ।

आशिष ढकालले लेखन तथा निर्देशन गरेको यो फिल्ममा प्रभात र स्मारिकासहित श्री शिवांशु, दिनेश डिसी, मोती सुबेदी, रामचन्द्र अधिकारी, खड्ग बहादुर पुन मगर (ख.ब.पु.), राजु राज सोनी, रश्मी भट्ट, जीवन गौतम, सबिन बास्तोला लगायतको अभिनय रहेको छ । गोमन सिंह निर्माता रहेको फिल्ममा रिता चौधरी सह-निर्मातामा छिन् ।

अजय रेग्मीको डिओपी रहेको रहेको फिल्ममा तारा थापा 'किम्भे'को सम्पादन, जय बिष्ट र राम गुरुको द्वन्द्व निर्देशन, देबेन्द्र कुँवरको कोरियोग्राफी, किरण भुषाल र हरि गिरी (विमर्श)को संगीत तथा रिदम कँडेलको ब्याकग्राउन्ड म्यूजिक छ । 'मुगलान'ले युवाहरूको परदेशको सपना, गाउँघरको प्रेम र संघर्षको कथा उजागर गर्ने जनाइएको छ ।

# बक्स अफिसमा 'कान्तारा २'को आँधी

**काठमाडौं-** कन्नड फिल्म 'कान्तारा २'ले भारतीय बक्स अफिसमा आँधी ल्याएको छ । १२५ करोड भारुमा बनेको यो फिल्मले भारतमा मात्रै ४ सय करोडको आँकडा पार परेको छ । त्यसमा हिन्दी भर्सनको योगदान १३१ करोड छ, जुन १० दिनको कमाइ हो । फिल्मको विश्वव्यापी कमाइ भने ५ सय करोडभन्दा बढी रहेको ट्रेड ट्र्याकिङ अनलाइन स्याक्निल्कले जनाएको छ ।

यो फिल्मले भारतमा भारु ६१.८५ करोडको ओपनिङ गरेको थियो, जुन रजनीकान्तको 'कुली' (६५ करोड) र पवन कल्याणको 'दे कल हिम ओजी' (६३ करोड)भन्दा धेरै हो । प्रदर्शनको एक साताभित्र ३३७ करोडभन्दा बढीको व्यापार गरेको फिल्मले विश्वव्यापी ८ सय करोडको आँकडा छुन सक्ने प्रक्षेपण गरिएको छ । फिल्मको व्यापारिक रफ्तार हेर्दा यो सम्भव पनि देखिन्छ । 'कान्तारा २'ले कन्नड भाषाको सुपरहिट फिल्म 'केजीएफ'को भारु २५० करोडको रेकर्ड पहिलो हप्तामै तोडिसकेको छ भने 'केजीएफ २'को लाइफटाइम कलेक्सन (८५९.७ करोड)को पनि आधाभन्दा बढी कमाइ गरिसकेको छ । 'केजीएफ २'को रेकर्ड तोड्न सफल भएमा यसले कन्नड भाषाको सबैभन्दा धेरै कमाइ गर्ने फिल्मको कीर्तिमान बनाउनेछ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- १२,
२०८२ साल असोज २८ गते मंगलबार
14 OCTOBER 2025, TUESDAY

# जेनजी आन्दोलनले तहसनहस अटो व्यवसायमा बढ्न थाल्यो चहलपहल




**काठमाडौं–** जेनजी आन्दोलनले समस्यामा परेको अटो व्यवसायमा विस्तारै चहलपहल बढ्न थालेको छ। दसैंपछि बढेको चहलपहलका कारण व्यवसायीहरु तिहारमा आफ्नो बिजनेस रिभाइभ हुनेमा आशावादी बनेका छन्।

व्यवसायीका अनुसार दसैं अगाडि बुकिङ फिर्ता गर्न र गाडी खरिद गर्न अनिच्छा देखाएका ग्राहकले यतिखेर चासो देखाउन थालेका छन् । त्यही कारण व्यवसायीमा आशा पलाएको हो ।

एक महिनाअघि भएकोजेनजी आन्दोलनका क्रममा अटो क्षेत्रले करिब १ अर्ब रुपैयाँको क्षति बेहोर्नं परेको थियो । आधा दर्जन शोरुम र १०० वटा गाडीमा क्षति पुगेको थियो ।

जेनजीको आन्दोलनमा अटो व्यवसायमा एक अर्बको क्षति, कुन शोरुममा कति नोक्सानी?

क्षतिग्रस्त शोरुमले अहिले पुर्ननिर्माणको क्रममा छन् । टाटा गाडीको आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङले थापाथलीस्थित शोरुम तिहारलगत्तै संचालनमा ल्याउने गरी काम गरिरहेको छ। सिप्रदीले अहिले शोरुम बाहिर पाल टाँगेर सेवा दिइरहेको छ।

सिप्रदीका महाप्रबन्धक शावन्त जंग सिजापतिले शोरुम पुर्ननिर्माणको काम अन्तिम चरणमा पुगेको बताए। 'जेनजीको आन्दोलनका क्रममा तोडफोड र आगजनी भएकोशोरुम अहिले धमाधम पुनर्निर्माण गरिरहेका छौं। काम अन्तिम चरणमा पुगेकाले तिहार लगत्तैबाट सञ्चालनमा ल्याउन सकिन्छ भन्ने विश्वास छ,' सिजापतिले भने।

सुजुकी गाडीको शोरुम आंशिक रुपमा संचानलमा ल्याउन लागिएको छ । शोरुममा केही गाडी राखिएका छन् । शोरुमको केही भाग चाडवाड अफर राखेर सजाइएको छ।

व्यवसाय बढाउनका लागि अटो व्यवसायीले अनेक उपायका साथ काम गरिरहेका छन् । दसैंमा सोचे अनुसार गाडी बिक्री नभएका कारण व्यवसायीहरु नयाँ उपायतिर लागेका हुन्। जेनजीको आन्दोलनले बेहोर्नं परेको क्षतिलाई कसरी परिपूर्ति गर्ने भन्नेमा व्यवसायी केन्द्रित छन्।

दसैं अगाडि करिब १ हजार इभी आयात गरिएकामा अहिलेसम्म पनि डेलिभरी भइसकेको अवस्था छैन । व्यवसाय रिभाइभ हुने विश्वासमा व्यवसायीले अहिले पनि गाडी भित्र्याइरहेका छन्।

'अहिले भन्ने हो भने हाम्रो मार्केट सुस्ताएको छ । दसैंमा जसरी गाडी बिक्री गर्ने योजनासहित अफर ल्याइएको थियो, सोचेको जस्तो बिजनेस भएन,' सिजापतिले भने, 'तिहारमा मार्केट रिभाइभ हुने विश्वास छ।'

बाढी पहिरोले चीनसँगका दुई मुख्य नाका ठप्प हुँदा पनि व्यवसायीले दसैं अगाडि गाडी डेलिभरी गर्न सकेका थिएनन् । दसैं अगाडि गाडी लिने योजनामा रहेका ग्राहकले अहिले फोन गर्न थालेको सिजापति बताउँछन्।

'जुनजुन गाडी दसैंमा दिन सकिएको थिएन, ती गाडी लिन ग्राहक आउन थालेका छन्,' उनले भने, 'अब तिहारमा नयाँ फ्रेस ग्राहक आउने संकेत छ। यसका लागि हामीले अफर ल्याउने योजना पनि बनाएका छौं । धनतेरसमा पनि गाडी खरिद गर्ने परिपाटी भएकाले यो समयलाई ग्र्याब गर्नंपर्ने छ । र, त्यही योजनामा हामी छौं ।'

रसुवा र तातोपानी नाका बन्द हुँदा गाडी ल्याउन समस्या खेपेका व्यवसायीले जेनजीको आन्दोलनमा ठूलो धक्का सहनुपरेको थियो ।

दसैंपछि भने विस्तारै गाडीका शोरुममा चहलपहल बढ्न थालेको अर्क बिक्रेता करुण शाक्यले बताए ।

'यो पटक दसैंमा सोचेको जस्तो बिजनेस भएन । दसैंपछि ग्राहकले केही हदसम्म गाडी खरिद गर्ने कुरामा चासो देखाउन थालेको देखिन्छ,' उनले भने ।

अर्को विक्रेता कम्पनी एमएडब्लू वृद्धि पनि तिहारमा गाडी बिक्री हुने विश्वासमा छ । एमएडब्लू वृद्धिका प्रमुख कार्यकारी अधिकृत (सीइओ) रुपेश शर्मा भट्टले दसैं अगाडि जेनजीको आन्दोलनले गाडी किन्न हिच्किचाएका ग्राहकहरु अहिले शोरुममा आउन थालेको बताए ।

'जेनजीको आन्दोलनपछि उत्पन्न अवस्थाका कारण दसैंअघि डेलिभरी गर्ने भन्दा पनि शोरुम भिजिट गर्ने र टेस्ट ड्राइभमा आउने वातावरण नै थिएन, 'भट्टले भने, 'दसैं अगाडि गाडी किन्ने योजना जेनजीको आन्दोलनले पोष्टपोन्ड गरेका ग्राहकले अहिले चासो देखाउन थाल्नु भएको छ । शोरुममा ग्राहकको भिजिट बढेकाले हाम्रो कन्फिडेन्स केही हदसम्म बढाएको छ,' ।

एमएडब्लू वृद्धिले नयाँ गाडी थाइल्यान्डबाट ल्याएर आन्दोलन अगाडि नै डेलभिरी गरेको थियो । त्यसले कम्पनीलाई केही राहत भयो। कम्पनीले अहिले मेगा एक्सचेन्च मेला गरिरहेका छ। 'मेला भिजिट गर्नेको संख्या राम्रो छ,' भट्टले भने।

ओमोडा एण्ड जेकोको गाडी बिक्रेता एसपीजी अटोमोबाइल्स पनि दसैंपछि शोरुममा बढेको ग्राहकको सोधखोजले आशावादी बनेको छ। कम्पनीका महाप्रबन्धक ज्ञानेन्द्र बहादुर चन्दका अनुसार गाडी किन्नका लागि ग्राहकले सोधखोज बढाएका छन् । 'शोरुमहरुमा विस्तारै चहलपहल देखिन थालेको छ,' उनले भने ।

# टाटा गाडीका शोरुममा सुरु भयो 'धनतेरस उत्सव'

**काठमाडौं-** टाटा मोटर्सको आधिकारिक वितरक सिप्रदी ट्रेडिङले 'धनतेरस टाटा उत्सव' कार्यक्रम सुरु गरेको छ।

कम्पनीले ग्राहकले आकर्षक अफरका साथै बम्पर उपहारमा सुनको असर्फी जित्ने मौकासहित धनतेरस टाटा उत्सव' कार्यक्रम आइतबार सुरु गरेको हो ।

यो कार्यक्रम देशभर रहेका आफ्ना शोरुममा सुरु गरिएको कम्पनीले जनाएको छ । कार्यक्रम कात्तिक २ गतेसम्म सञ्चालन हुनेछ । कार्यक्रम अन्तर्गत ग्राहकले टाटा टियागो इभी, पंच इभी, नेक्सन के३ इभी र कर्भ इभी खरिद गर्दा छुटका साथै उपहार पाउनेछन्।


कार्यक्रम अन्तर्गत, फ्री लाइफटाइम डीसी फास्ट चार्जिङ, आकर्षक छुट, उत्कृष्ट एक्सचेन्ज मूल्य, फ्री




एक्सेसरिज, व्यापक अटो-प्लस इन्स्योरेन्स, वार्षिक सवारी कर, फ्री इम्बोस्ड नम्बर प्लेट, फ्री होम चार्जिङ इन्स्टलेसन

लगायत सुविधा ग्राहकहरुले प्राप्त गर्न सक्नेकम्पनीले जनाएको छ।

# डोङफेङ नामी नेपालमा १६ महिनामा एक हजार युनिट बिक्री





**काठमाडौं-** चिनियाँ ब्रान्ड डोङफेङ नामी गाडीले नेपालमा १ हजार युनिटको माइलस्टोन पार गरेको छ।

डोङफेङ नामीको नेपालका लागि आधिकारिक बिक्रेता मोरङ अटो वर्क्स(एमएडब्लू)ले एक हजार युनिट गाडी बिक्री भएको अवसरमा आइतबार खुशियाली मनाएको छ। कम्पनीले केक काटेर 'सेलिब्रेसन' गरेको हो।

नामी नेपाली बजारमा १६ महिना अगाडि इन्ट्री भएको थियो। नेपाली बजारमा नामीका दुई वटा मोडलका गाडी उपलब्ध छन्। नामी बक्स ह्याचब्याक कारले १ हजार युनिटको सफलता हासिल गरेको कम्पनीले जनाएको छ। कम्पनीले मेगा एक्सचेन्ज क्याम्प पनि संचालन गरेको थियो। मेलामा ग्राहकले उत्साहजनक उपस्थिति जनाएको कम्पनीले जनाएको छ।

# इभी ब्याट्रीको सुरक्षाका लागि चीनले नयाँ नियम ल्याउँदै



**काठमाडौं–** चीन सरकारले विद्युतीय सवारीसाधन (इभी)मा प्रयोग हुने ब्याट्रीका लागि नयाँ मापदण्ड ल्याउने भएको छ। इभीमा प्रयोग हुने ब्याट्री अझै सुरक्षित बनाउनका लागि चीनले नयाँ मापदण्ड लागू गर्न लागेको हो।

चीनको उद्योग तथा सूचना प्रविधि मन्त्रालय (एमआईआईटी)ले इभीमा प्रयोग हुने ब्याट्रीका लागि नयाँ राष्ट्रिय सुरक्षा मापदण्ड लागू गर्ने तयारी गरेको छ। नयाँ ब्याट्री सुरक्षा मापदण्ड सन् २०२६ को जुलाई १ देखि लागू हुनेछ।

पछिल्लो समय इभीमा प्रयोग हुने ब्याट्रीमा आगो लाग्ने र विस्फोट हुने समस्या धेरै देखिएको भन्दै सुरक्षामा ध्यान दिनुपर्ने आवाज बढेको थियो। अहिले इभीमा प्रयोग हुने ६७ प्रतिशत ब्याट्री चिनीयाँ कम्पनीले बनाउने गरेका छन् । जसका कारण चीनले ब्याट्रीको सुरक्षालाई ध्यान दिइ नयाँ मापदण्ड लागू गर्न लागेको हो। बेलायतमा आधारित फाष्टमार्केट रिसर्च कम्पनीको हालैको एउटा रिपोर्ट अनुसार एलफपी ब्याट्री उत्पादनमा विश्वमा नै चीनको दबदबा छ। गत वर्ष लिथियम आइरन फोस्फेट ब्याट्री उत्पादनमा चीनको बजार हिस्सा ९४ प्रतिशत थियो। साथै ७० प्रतिशत लिथियम उत्पादनका लागि आवश्यक कच्चा पदार्थ चीनले नै सप्लाई गरेको थियो। एलएफपी ब्याट्री उत्पादनमा भने चीनको बजार हिस्सा ४० प्रतिशत मात्रै छ।

इभीको ब्याट्रीमा चिनियाँ कम्पनीको बजार हिस्सा दुई तिहाइ, कमजोर बन्दै कोरियन कम्पनी चीनका यातायात संचालक र प्रोपर्टी म्यानेजरहरुले ई-बाइकमा भएको आगलागीपछि मिडिया रिपोर्टका आधारमा ब्याट्रीमा प्रतिबन्ध लगाएका थिए । अध्ययनले ई-बाइकमा आगो लाग्नुको कारण आफ्टर मार्केट कन्भर्जन किट भएको देखाएको छ । जुन सुरक्षाको मापदण्ड प्रमाणित नगरी ग्राहकलाई बिक्री गरिएको थियो । साथै ती ई-बाइक कुनै ठूला कम्पनीले बनाएका थिएनन् । नयाँ मापदण्डमा किटको बिक्री र प्रयोगमाथि कडा नियमन गर्ने अपेक्षा गरिएको छ । नयाँ ब्याट्रीमा 'नो फायर, नो एक्सप्लोजन' मापदण्ड लागू गर्न लागिएको छ।

यो अपडेटेड नियम 'जीबी३८०३१-२०२५' ले आन्तरिक थर्मल रनअवे भए पनि ब्याट्रीमा आगो लाग्नु वा विस्फोट हुनु हुँदैन भन्ने जनाउँछ । उत्पादक कम्पनीले यो मापदण्डमा टेकेर ब्याट्री उत्पादन गर्नंपर्ने हुन्छ।

यसअघि सम्भावित आगलागीको पाँच मिनेटअघि मात्र चेतावनी दिने प्रणालीको विकास गरिएको थियो । सन् २०२२ देखि लागू गरिएको मापदण्ड परिमार्जन गर्दै नयाँ बनाउन लागिएको हो।

# पीपीपी मोडलमा चार्जिङ स्टेसन बनाउन सिफारिस

काठमाडौं- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले विद्युतीय सवारीसाधन (इभी) प्रवर्धन गर्ने नीति बनाउने तयारी गरेको छ । मन्त्री कुलमान घिसिङको अग्रसरतामा मन्त्रालयले इभीको प्रयोग बढाउने नीति बनाउन लागेको हो।

भदौ अन्तिममा पदबहालीकै क्रममा विद्युतको खपत बढाउन इभीको प्रयोगमा जोड दिनुपर्ने भन्दै नीतिगत व्यवस्थाका लागि सुझाव दिन उनले समिति बनाएका थिए। त्यो समितिले कानुनमा सुधारदेखि, मापदण्ड तर्जुमा र कर छुट गर्नंपर्ने सुझावसहितको प्रतिवेदन तयार पारेको छ।

पुराना सवारीसाधनलाई इभीमा रुपान्तरणका लागि सवारीसाधनहरुको रुपान्तरण सम्बन्धी कानुनी व्यवस्था तथा मापदण्ड बनाउनुपर्ने, इभीलाई प्रोत्साहन तथा इन्धन सवारीलाई निरुत्साहित गर्न ठुला सार्वजनिक सवारीसाधन आयात र खरिदमा प्रतिस्पर्धाका आधारमा विशेष छुट दिने (वित्तीय लगानी ८० प्रतिशतसम्म कायम गर्ने) व्यवस्था मिलाउनुपर्ने लगायत सुझाव समितिले दिएको छ।

त्यस्तै, पेट्रोलियम आयातमा अनुदान कटौती तथा भन्सार दरलाई वैज्ञानिक बनाउने, चार्जिङ स्टेसन तथा ब्याट्री व्यवस्थापन, सवारी आयात तथा उत्पादन सम्बन्धी कार्यविधि, २० वटा गाडी हुँदा एउटा फास्ट चार्जिङ स्टेसन हुनेगरि पीपीपी मोडलमा लगानी गर्ने र मापदण्ड तथा कार्यविधि निर्माण गरी ब्याट्री रिसाइकल गर्ने व्यवस्था मिलाउनुपर्ने पनि प्रतिवेदनमा औंल्याइएको छ।

समितिले नेपालमा विद्युतीय सवारी प्रवर्दधनमा अहिले अवस्था र भविश्यमा गर्नं पर्नेमा कद र चुनौतीका बारेमा अध्ययन गरेको थियो।

समितिले तयार पारेको प्रतिवेदन अनुसार छोटो अविधि (१ देखि २ वर्ष) सम्ममा नीति स्पष्टता र स्थिर नीति ल्याउनु पर्ने उल्लेख गरिएको छ।

**प्रकोप जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं।**

- सम्भावित जोखिमको मूल्यात्तन गरौं,
- भूकम्प, बाढी, आगलागिजस्ता सम्भावित प्रकोपको बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामाग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**जनआकास मिडिया प्रा.लि का लागि :** प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार